# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ७० | काठमाडौं | बुधबार, १८ असार २०८२ | Prabhab National Daily | Wednesday, July 02, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## कांग्रेस बैठकमा संस्थापनपक्ष हाबी, प्रश्न नियन्त्रण गर्न माग

### डा. शेखर कोइरालाविरुद्ध खनिए विनोद चौधरी



- संस्थापनइतरका नेताहरूको अनुशासन नदेखिएको भन्दै छाडापन नियन्त्रण गर्न संस्थापनपक्षको माग
- डलर अर्बपति विनोद चौधरीको योग्यताबारे प्रश्न उठाएपछि शेखरमाथि खनिए, आफूहरु जस्तालाई छेक्न खोजेको आरोप
- २०६४ को संविधानसभा निर्वाचनपछि एमाले कोटाबाट सभासद् बनेका चौधरी २०७४ मा कांग्रेस प्रवेश गरेका हुन् । कांग्रेस प्रवेश गर्नसाथ चौधरीले समानुपातिक सांसद बन्ने अवसर पाएका थिए । पछिल्लो समय उनी नेपाली कांग्रेसको केन्द्रीय कोषाध्यक्ष बन्ने लाइनमासमेत उभिएका थिए ।
- विधानअनुसार कांग्रेसमा केन्द्रीय सदस्य बन्न १० वर्ष क्रियाशील सदस्य भएको हुनुपर्छ । तर २०७४ मा कांग्रेस प्रवेश गरेका चौधरीले चार वर्षपछि २०७८ मंसिरमा केन्द्रीय सदस्य बन्ने मौका पाए

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसको जारी केन्द्रीय समिति बैठकमा संस्थापनपक्ष हाबी देखिएको छ । सोमबारबाट ललितपुरको सानेपास्थित केन्द्रीय कार्यालयमा सुरु भएको बैठकमा संस्थापनपक्षले प्रश्न गर्नेहरूलाई नियन्त्रण गर्न माग गरेका छन् ।

केन्द्रीय समितिमा सुरुको दिनमा संस्थापनइतरका नेताहरू डा. शेखर कोइराला, नैनसिंह महरलगायतले प्रश्न गरेका थिए । दुवै नेताले नेकपा एमालेसँगको गठबन्धनको औचित्य पुष्टि गर्न माग गरेका थिए । यस विषयमा अधिकांश नेताहरूले संस्थापनइतरका नेताहरूको अनुशासन नदेखिएकोले छाडापन नियन्त्रण गर्न माग गरे । 'हाम्रो पार्टीमा अनुशासन भएन । संसद्मा र बाहिर रहेका साथीहरूले आफूलाई जे मनमा आयो त्यही बोल्ने काम भयो । व्यक्तिवादी प्रवृत्ति बढी भयो । अनुशासन पार्टीमा कायम गर्नुपर्छ भन्नेकुरा आएको छ,' बैठकपछि प्रवक्ता डा. प्रकाशशरण महतले भने ।

महत संस्थापनपक्ष अर्थात् सभापति शेरबहादुर देउवापक्षका नेता हुन् । सोमबार संस्थापनइतरका नेता डा. कोइरालाले डलर अर्बपति विनोद चौधरीको योग्यताबारे प्रश्न गरेका थिए । मंगलबारको केन्द्रीय समितिमा चौधरी शेखरमाथि खनिए । 'म सारा विधि पुऱ्याएर पार्टी नियमअनुसार नै आएको हुँ,' चौधरीले भने ।

शेखरलाई लक्षित गर्दै चौधरीले आफूहरूजस्तालाई छेक्न खोजेको आरोप लगाए । 'यो पार्टीलाई हाँक्ने जमर्को गर्ने नेताहरूको दृष्टिकोणमा निजी क्षेत्रका हामीजस्ता मानिसलाई सधैं गुटका नाममा छेक्ने हो ?, हाम्राविरूद्ध यस्तै अभिव्यक्ति दिने हो ?,' उनले प्रतिप्रश्न गरे ।

त्यसपछि उनले २०७९ को प्रतिनिधिसभा चुनावको प्रसंग निकाल्दै शेखरपक्षबाट असहयोग भएको बताए । चौधरी देउवाको निगाहबाट केन्द्रीय सदस्यमा निर्वाचित पात्र हुन् । २०६४ को संविधानसभा निर्वाचनपछि एमाले कोटाबाट सभासद् बनेका चौधरी २०७४ मा कांग्रेस प्रवेश गरेका थिए । कांग्रेस प्रवेश गर्नसाथ चौधरीले समानुपातिक सांसद बन्ने अवसर पाएका थिए ।

क्रमशः पृष्ठ २ मा

निजामती विधेयकमा अनधिकृत हेरफेर

# राष्ट्रिय सभाबाट सच्चिने आश

### समिति सभापति खतिवडामाथि नै शंका, सांसदहरूले मागे राजीनामा

- अनधिकृत हेरफेरमा समिति सभापति रामहरि खतिवडा, संसद्का महासचिव पदमप्रसाद पाण्डेय र समिति सचिव सुरजकुमार दुरा जिम्मेवार रहेको सांसदहरूको आरोप
- सभापति खतिवडाको राजीनामा र तीनै जनाविरूद्ध छानबिन हुनुपर्ने माग
- सार्वभौम संसद्लाई कमजोर बनाउनेगरी विधेयकको प्रावधानमा गरिएको अनधिकृत हेरफेरप्रति सांसदहरूको आपत्ति


फाइल तस्बिर

■ जेबी योञ्जन

**काठमाडौं–** प्रतिनिधिसभाबाट आइतबार सर्वसम्मत पारित निजामती सेवा विधेयकमा 'अनधिकृत हेरफेर'को विषय राष्ट्रिय सभाले सच्याउन सकिने विकल्पबारे बहस भएको छ । सभामुख देवराज घिमिरेले पनि हेरफेर गरिएको विषय राष्ट्रिय सभाले सच्याउनुपर्ने विचार राखेका छन् ।

संसद्को राज्य व्यवस्था तथा सुशासन समितिले निजामती कर्मचारी अवकाशप्राप्त भएपछि राजकीय र संवैधानिक नियुक्ति पाउने अवधि दुई वर्ष हुनेगरी 'कुलिङ पिरियड'को प्रावधान राखिएकोमा विधेयकमा 'बाहेक' शब्द थपेर अनधिकृत हेरफेर गरिएको विवरण विधेयक पारित भएपछि सार्वजनिक भयो । 'बाहेक' शब्दले कुलिङ अफ पिरियडको प्रावधान निष्क्रिय हुन्छ ।

यस्तो अनधिकृत कार्यले सार्वभौम संसद्को उपहास भएको भन्दै सांसदहरूले नै विरोध गरिरहेका छन् । यससँगै सच्याउने विकल्पबारे पनि छलफल हुन थालेको छ ।

सभामुख घिमिरले मंगलबार पत्रकारहरूसँग भने, 'राष्ट्रिय सभामा ती नमिलेका कुराहरू मिलाउने काम सहजै ढंगले हुन्छ र हुनु पनि पर्छ । त्यहाँबाट फेरि प्रतिनिधिसभामा आउँछ, त्यतिबेला सभाले त्यसमा संशोधन गर्ने वा नगर्ने, स्वीकार्ने वा नस्वीकार्ने कुरा यहाँ पनि हुन्छ ।'

विधेयक प्रतिनिधिसभाले पारित गरे पनि राष्ट्रिय सभाबाट पारित हुन बाँकी छ । दुवै सदनबाट पारित भई राष्ट्रपतिले प्रमाणीकरण गरेपछि मात्रै ऐन कार्यान्वयनमा आउँछ ।

विधेयक पारित गर्ने प्रक्रियाअनुसार राष्ट्रिय सभामा विधेयक पेस भइसकेपछि उसले संशोधनका निम्ति ७२ घण्टाको समय दिन्छ । त्यो समयमा यी कुराहरू राख्ने र सरकारले स्वीकार्ने भयो भने त्यहाँ सच्चिने प्रक्रियाका निम्ति ठाउँ छ । सामान्य त्रुटि त सभामुख स्वयंले सुधार गर्न प्रावधान पनि छ ।

प्रतिनिधिसभा नियमावलीको व्यवस्थापन कार्यविधिसम्बन्धी दफा ११४ मा 'सामान्य त्रुटि सुधार्ने सभामुखको अधिकारबारे उल्लेख छ, 'सभामुखले बैठकबाट पारित भइसकेको विधेयकमा आवश्यक देखेमा विधेयकको दफाको संख्याको क्रम मिलाउन, आवश्यक आनुषंगिक सुधार गर्न र अनायस हुन गएको त्रुटि सच्याउन सक्ने छ ।'

तर, राज्य व्यवस्था समितिका सदस्यहरूले विधेयक पढ्दै नपढी पारित गरेको भन्दै आलोचना भइरहेको छ । यसबारे कांग्रेस सांसद हृदयराम थानीले भने सांसदहरूको बचाउ गरेका छन् । हेरफेरको जिम्मा समिति सभापति खतिवडाले लिनुपर्ने बताएका छन् ।

'सभापतिले सही गरेर संसद्मा पेस गरेपछि सबै कुरा मिलेर आएको विश्वासमा प्रतिनिधिसभाबाट पारित भयो, पछि हेर्दा फेरबदल भएको पाइयो । के-कसो भएको सभापतिले स्पष्ट पार्नुपर्छ र त्यसको जिम्मा लिनुपर्छ,' थानीले प्रभावसँग भने । मंगलबारको समिति बैठकमा सदस्यहरूले सभापति र सचिवमाथि प्रश्न उठाए । त्यसपछि बैठक अवरुद्ध भयो ।

समितिका कतिपय सदस्यहरूले शब्दको अनधिकृत हेरफेरमा समिति सभापति खतिवडा, संसद्का महासचिव पदमप्रसाद पाण्डेय र समिति सचिव सुरजकुमार दुरालाई जिम्मेवार मानेका छन् । उनीहरू तीनै जनाविरुद्ध छानबिन हुनुपर्ने माग उठेको छ ।

क्रमशः पृष्ठ २ मा



संघीय निजामती विधेयकमा कसले बदमासी गऱ्यो ? त्यसको छानबिन गरी, चलखेल तथा छेडखानी गर्ने प्रवृत्तिमाथि कारबाही गराउनेतर्फ हामी लागेका छौं ।

■ पुष्पकमल दाहाल
अध्यक्ष, माओवादी केन्द्र



राष्ट्रिय सभामा ती नमिलेका कुराहरु मिलाउने काम सहजै ढंगले हुन्छ र हुनु पनि पर्छ । त्यहाँबाट फेरि प्रतिनिधिसभामा आउँछ, त्यतिबेला सभाले त्यसमा संशोधन गर्ने वा नगर्ने, स्वीकार्ने वा नस्वीकार्ने कुरा यहाँ पनि हुन्छ ।

■ देवराज घिमिरे
सभामुख

## वैदेशिक रोजगारबाट फर्किएर उद्यमी बनेका आठ जनाले पाए 'उद्यमी राष्ट्रिय पुरस्कार'

### झापाका रविन पोखरेललाई 'उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार'

■ प्रभाव संवाददाता



**काठमाडौं–** सरकारले वैदेशिक रोजगारबाट फर्किएर उद्यम गरिरहेका आठ जनालाई 'उद्यमी राष्ट्रिय पुरस्कार' प्रदान गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मंगलबार एक कार्यक्रम आयोजना गरी ती उद्यमीहरूलाई पुरस्कृत गरेको हो । वैदेशिक रोजगारबाट फार्किएर आन्तरिक रोजगारी सिर्जना गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएकाले पुरस्कृत गरिएको मन्त्रालयको भनाइ छ ।

मन्त्रालयले प्रत्येक वर्ष सातवटै प्रदेशका एक-एक जनालाई उद्यमी राष्ट्रिय पुरस्कार प्रदान गर्दै आएको छ । पुरस्कारको राशि ७५ हजार रूपैयाँ रहेको छ । एक लाख ५० हजार रूपैयाँ राशिको 'उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार' झापाका रविन पोखरेलले पाएका छन् । संयुक्त अरब इमिरेट्स (युएई)बाट फर्किएका पोखरेलले झापाको दमकमा श्री भूमिका सीपमूलक तालिम केन्द्र सञ्चालन गरिरहेका छन् । उक्त तालिम केन्द्रले ३५ जनालाई स्थायी र २६२ जनालाई अस्थायीरूपमा रोजगारी दिएको जनाइएको छ । उक्त केन्द्रबाट उत्पादित सामग्री युरोपसम्म निर्यात हुन थालेको पोखरेलको भनाइ छ ।

उद्यमी राष्ट्रिय पुरस्कार हात पार्नेमा कोशी प्रदेशबाट राजिव खड्का छन् । उनले कुवेतबाट फर्किएपछि मोरङको उर्लाबारीमा श्री आमा कृषि फार्म सञ्चालन गरेका छन् । मधेस प्रदेशबाट शंकर सिम्खडा पुरस्कृत भएका छन् । बाराको जितपुरमा उनले निम्तो एग्रो मार्ट सञ्चालन गरिरहेका छन् । त्यसअघि उनी रोजगारीका लागि मलेसिया गएका थिए ।

क्रमशः पृष्ठ २ मा

## 'ठगी गर्नेलाई कानुनी दायरामा ल्याइन्छ'

**ललितपुर (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले कानुनी छिद्र प्रयोग गरेर वैदेशिक रोजगारीमा ठगी गर्नेलाई कानुनी दायरामा ल्याइने बताएका छन् । सुरक्षित आप्रवासन (सामी) कार्यक्रमद्वारा मंगलबार ललितपुरमा आयोजित तेस्रो चरणको सिकाइ तथा अनुभव आदानप्रदान कार्यक्रमको उद्घाटनका अवसरमा मन्त्री भण्डारीले अहिले पनि वैदेशिक रोजगार विभागमा ३६ हजार ठगीका मुद्दा रहेकाले ऐन संशोधन गरेर मुद्दा फर्स्योटलाई सहज बनाइने बताए ।

क्रमशः पृष्ठ २ मा

## इजरायलमा श्रमिक पठाउन परराष्ट्रको अनुमति

**काठमाडौं (प्रस)–** सरकारले इजरायललगायत मुलुकमा लगाएको यात्रा प्रतिबन्ध खोलेको छ । परराष्ट्र मन्त्रालयले इजरायल-इरान युद्धका कारण उत्पन्न जोखिमलाई मध्यनजर गर्दै यसअघि लागू गरेको यात्रा प्रतिबन्ध हटाएको मंगलबार एक सूचनामार्फत जानकारी दिएको हो ।

इजरायल-इरानबीच युद्धविराम भई अवस्था सामान्य भएकोले ती मुलुकहरूमा त्यहाँको अध्यागमन कानुन पालना गरी पूर्ववत् यात्रा गर्न सकिने मन्त्रालयले जारी गरेको सूचनामा उल्लेख छ । परराष्ट्रले गत असार ४ गते 'ट्राभल एड्भाइजरी' जारी गर्दै इजरायल-इरान द्वन्द्वका कारण अत्यावश्यक अवस्थामाबाहेक यी देशहरूमा भ्रमण नगर्न भनेको थियो ।

यात्रा प्रतिबन्ध फुकुवा भएसँगै इजरायलमा रोजगारीका लागि श्रमिक पठाउने बाटो खुलेको छ । यात्रा प्रतिबन्धका कारण इजरायलको दीर्घकालीन स्याहार केन्द्र (केयरगिभर)का लागि जाने तयारीमा रहेकाहरू रोकिएका थिए ।

गत जेठ ३० गते सुरु भएको युद्ध १२ दिनपछि अन्त्य भएको थियो । युद्धविरामपछि इजरायलस्थित नेपाली दूतावासले गत असार १३ गते त्यहाँको अशान्त र भयपूर्ण स्थिति सामान्य भएको जनाएको थियो । त्यसपछि विभागले रोकिएर बसेका श्रमिकको माग र इजायलबाट पनि सबै ठीक छ भनेको अवस्थालाई मध्यनजर गर्दै उक्त एड्भाइजरी हटाउन मन्त्रालयलाई असार १५ गते पत्राचार गरेको विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले जानकारी दिएका थिए ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## वैदेशिक रोजगार व्यवसायी संघले मनायो ३३औं स्थापना दिवस

### कीर्तिपुरस्थित कट्समा रहेका बालिकाहरूलाई खाद्यान्न, स्यानिटरी प्याड र स्टेसनरी सहयोग

■ प्रभाव संवाददाता






**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायी संघले आफ्नो ३३औं स्थापना दिवस मनाएको छ । सिफलस्थित कार्यालयमा मंगलबार शुभकामना आदानप्रदान गर्दै स्थापना दिवस मनाइएको हो । कार्यक्रममा संघका पदाधिकारी, पूर्वअध्यक्ष तथा व्यवसायीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै संघका अध्यक्ष भुवनसिंह गुरुङले वैदेशिक रोजगारबाट फर्किएकाहरू उद्यमी भएर आन्तरिक रोजगारीमा योगदान गरिरहेको बताए । उनले विगतका कुरामा अल्झिनेभन्दा पनि अब कसरी अघि बढ्नेतर्फ सोच्नुपर्ने बताए । 'व्यवसायीहरूलाई सरकारले सेवा सुविधाको सुनिश्चितता गर्नुपर्छ । विगतमा के भयो ? के गऱ्यो भन्दा पनि अब संघलाई कसरी अगाडि बढाउने भन्ने सोच्नु आवश्यक छ,' गुरुङले भने ।

उनले मलेसियालगायत कुनै पनि मुलुकको सिण्डिकेट मान्य नहुने र यसविरुद्ध जस्तोसुकै कदम चाल्न संघ तयार रहेको भन्दै ढुक्क भएर काम गर्न व्यवसायीलाई आग्रह गरे । आफूहरू निर्वाचित भएर आएपछि विभिन्न जिल्लामा समस्यामा परेका नागरिकलाई आर्थिक सहयोग गर्दै लोक कल्याणको काम गरेको गुरुङको भनाइ थियो ।

संघका पूर्वअध्यक्ष तिलक राणाभाटले ३३ वर्ष पूरा गर्दैगर्दा पनि वैदेशिक रोजगार व्यवसाय जोखिमपूर्ण र नभई नहुने व्यवसायका रूपमा रहेको बताए । यस व्यवसायले रेमिटचान्सदेखि रोजगारीमा महत्त्वपूर्ण योगदान पुऱ्याएको उनको भनाइ थियो ।

यस क्षेत्रमा पछिल्लो पुस्ताको पनि चासो रहेकाले व्यवसायलाई सम्मानित र जिम्मेवार बनाउनतर्फ ध्यान दिनुपर्ने राणाभाटको भनाइ थियो ।

क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## राष्ट्रिय...

विगतमा संसद्का महासचिव पाण्डेय नै कुलिङ अफ पिरियडको विरोधमा थिए । मुख्यसचिव एकनारायण अर्याललाई साथमा राखेर नेता, सभामुख, राष्ट्रिय सभा अध्यक्षको घरदैलोमा उनीहरू पुगेका थिए । संसदीय समितिले गरेको निर्णयविरुद्ध नेपालको संसदीय इतिहासमा पहिलोपटक पाण्डेयले अभियान चलाएका थिए, जुन सामान्य नैतिकता बिर्सेर गरेको कार्य थियो । अहिले निजामती सेवा विधेयकमा भएको अनधिकृत हेरफेरमा उनी मुख्य जिम्मेवार ठानिएको छ । त्यसमा समिति सभापति खतिवडा र सचिव दुराको पनि भूमिका हुने चर्चा हुँदै आएको छ ।

यस्तोमा प्रमुख विपक्षी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले निजामती विधेयकमा षडयन्त्र भएको र त्यसको छानबिन हुनुपर्ने बताएका छन् । 'परिवर्तनका उपलब्धिहरू उल्टयाउने षडयन्त्र हुँदै आएको छ । संघीय निजामती विधेयकमा षडयन्त्र भएको छ,' उनले पार्टी पदाधिकारी बैठकलाई पेरिसडाँडामा सम्बोधन गर्दै भने, 'यो विधेयकमा कसले बदमासी गर्‍यो ? त्यसको छानबिन गरी, चलखेल तथा छेडखानी गर्ने प्रवृत्तिमाथि कारबाही गराउनेतर्फ हामी लागेका छौं ।'

दाहालको दल माओवादी केन्द्रले राज्य व्यवस्था समिति सभापति खतिवडाको राजीनामासमेत मागेको छ । तर, खतिवडाले भने निजामती विधेयकमा भएको हेरफेरबारे अनभिज्ञता प्रकट गरेका छन् । बरु उनले १५ दिनसम्म विधेयकको प्रावधान हेरफेर हुँदा किन हेरिएन भनेर प्रश्न गरेका छन् ।

'विधेयकको जुन दफालाई हामीले हाइलाइटका साथ प्रस्तुत गर्‍यौं । तर, तल समितिका कसैलाई पनि थाहा नदिइकन उपदफा लेखिएछ । उपदफामा के लेखियो भनेर जानकारी भएन, समितिमात्र होइन संसद्लाई पनि जानकारी भएन । १५ दिनसम्म संसद्मा रहँदा कोही पनि माननीयहरूले हेर्नु भएनछ,' खतिवडाले भने ।

उनले यो विषयमा छलफल गर्न कानुन र सामान्य प्रशासन मन्त्रालयका सचिवहरूलाई बोलाएको तर दुवै जना छलफलमा नआएको गुनासोसमेत गरे । मंगलबार उनीसहित राज्य व्यवस्था समितिका सदस्यहरूले सभामुख घिमिरेलाई भेटे । भेटघाटको क्रममा विधेयकको प्रावधानमा गरिएको अनधिकृत हेरफेर सच्याउन माग गरेका छन् । त्यसमा सभामुख घिमिरे पनि सकारात्मक देखिएका छन् ।

तर, सार्वभौम संसद्लाई कमजोर बनाउनेगरी विधेयकको प्रावधानमा गरिएको अनधिकृत हेरफेरप्रति गम्भीर चिन्ता प्रकट भएको छ । विपक्षी दलहरूमात्रै होइनन्, कांग्रेसको डा. शेखर कोइराला समूह विरोधमा छन् । यहीबीच कतिपय कानुनका जानकारहरूले भने यो दण्डनीय विषय भनेका छन् ।

■■■

## कांग्रेस बैठकमा...

पछिल्लो समय उनी नेपाली कांग्रेसको केन्द्रीय कोषाध्यक्ष बन्ने लाइनमासमेत उभिएका थिए । विधानअनुसार कांग्रेसमा केन्द्रीय सदस्य बन्न १० वर्ष क्रियाशील सदस्य भएको हुनुपर्छ । तर २०७४ मा कांग्रेस प्रवेश गरेका चौधरीले चार वर्षपछि २०७८ मंसिरमा केन्द्रीय सदस्य बन्ने मौका पाए ।

मंगलबार रमेश रिजाल, उमा रेग्मी, जीपछिरिङ लामा, अर्जुनप्रसाद जोशी, मीनबहादुर विश्वकर्मा, देवेन्द्रराज कँडेल, डा. डिला संग्रौला, रमेश लेखक, किरण यादव, लक्ष्मी परियार, कृष्णकिशोर घिमिरे, टेकप्रसाद गुरुङ, चन्द्रबहादुर केसी, मानबहादुर नेपाली, उदयशमशेर राणा, दिलमान पाख्रिन, रामहरि खतिवडा, विनोदकुमार चौधरी, गुरू बराल, उर्मिला नेपाल केसी, सीताकुमारी राना, राधा घले, सीतादेवी देवकोटा, शारदा पौडेल र आमन्त्रित सदस्य पुष्पराज पराजुलीले आ-आफ्नो धारणा राखेका थिए । यसरी धारणा राख्ने अधिकांश केन्द्रीय सदस्य देउवापक्षका हुन् ।

केन्द्रीय सदस्य उदयशमशेरले नेताहरूमा छाडापन देखिएको बताए । बागमती प्रदेशको बजेटमा छाडापन देखिएको दाबी गर्दै उनले यसलाई नियन्त्रण गर्न जोड दिए । 'बागमती प्रदेशको बजेट छाडा रूपमा आयो । यसलाई कसरी ठीक बाटोमा लैजाने पार्टीले पनि एउटा मेकानिजम बनाउनुपर्छ, सदन र बाहिर पनि कतिपय नेताहरूले छाडा भएर कुरा उठाएका छन्, त्यसलाई कसरी कन्ट्रोल गर्ने पार्टीले पनि ध्यान दिनुपर्छ,' राणाले भने, 'बजेट ल्याउने बेला पनि पार्टीले सांसदहरूसँग छलफल गर्नुपर्‍यो र सांसदहरूले पनि बोल्दा लक्ष्मणरेखा काट्न भएन ।'

सत्तामा रहेका केन्द्रीय सदस्यहरूले गठबन्धनको विकल्प नखोज्न आग्रह गरे । गृहमन्त्रीसमेत रहेका केन्द्रीय सदस्य रमेश लेखकले यो गठबन्धनको विकल्प नखोज्न आग्रह गरे । 'गठबन्धनलाई राम्रोसँग हिँडाएर कांग्रेसको हितमा जान सक्ने किसिमले काम गरिरहेका छौं । खअरू राजनीतिक दलहरूलाई पनि समेटेर अहिलेको सरकारलाई निरन्तरता दिन उपयुक्त हुन्छ । अहिले अर्को विकल्पमा कुरा गर्न थाल्यौं भने गन्तव्यमा पुग्दैनौं । कांग्रेसलाई ठीक हुँदैन,' लेखकले भने ।

लेखकले प्रयास गर्दागर्दै पनि कमीकमजोरी भएकोले सुधार्दै लगिने बताए । 'प्रयास गर्दागर्दै पनि कमीकमजोरी हुन्छन् । धेरै साथीहरू सरकारमा बस्नुभएको छ, नबसेका साथीहरूले पनि अवस्था बुझ्नुभएकै छ,' उनले भने ।

कांग्रेस प्रवक्ता डा. महतले पनि गठबन्धनको विकल्प नरहेको बताए । 'गठबन्धनको बारेमा त समग्रमा अब धेरै विकल्प हामीसँग छैन । कसैको बहुमत छैन । विभिन्न खाले परीक्षण भइसक्यो सत्ता समीकरणको । गठबन्धन भन्नेबित्तिकै सबैकुरा आफूले भनेको जस्तो हुँदैन । त्यो कुरा साथीहरूले बुझ्नुभएको छ,' महतले भने, 'यद्यपि कतिपय साथीहरूको गुनासो छ । तथापि गठबन्धनका विषयमा फेरि प्रतिकूल विचार केही आएको छैन । डेलिभरी अझ राम्रो हुनुपर्छ, पार्टीबाट गएका मन्त्रीहरूले राम्रो काम गर्नुपर्छ भन्ने छ ।'

■■■

## वैदेशिक रोजगारबाट...

बागमती प्रदेशबाट कुमार श्रेष्ठ पुरस्कृत भएका छन् । मलेसियाबाट फर्किएका श्रेष्ठले दोलखामा वैतेश्वर रेण्ट एण्ड क्याटरिङ सर्भिस सञ्चालन गरिरहेका छन् । त्यस्तै गण्डकी प्रदेशबाट बसन्तबहादुर खड्कालाई पुरस्कृत गरिएको छ । उनले तनहुँको भानुमा श्री वसन्त पोल्ट्री फार्म चलाइरहेका छन् । उनी रोजगारीका लागि सिसेल्स गएका थिए ।

शोभाखर पौडेल लुम्बिनी प्रदेशबाट पुरस्कृत भएका छन् । मलेसियामा रोजगारी गरेर फर्किएका पौडेलले अर्घाखाँचीको पाणिनीमा न्यु सन्ध्या होटल एण्ड रेस्टुरेण्ट र सासु बुहारी कृषि तथा पशुपालन फार्म सञ्चालन गरिरहेका छन् । कर्णाली प्रदेशबाट देउती होजियारी उद्योग एण्ड ट्रेडिङ सेण्टर सञ्चालन गरिरहेका लक्ष्मीप्रसाद ढकाल पुरस्कृत भएका छन् । उनी दक्षिण कोरियामा रोजगारी गरेर फर्किएका हुन् । त्यस्तै सुदूरपश्चिम प्रदेशका तर्कसिंह विष्ट पुरस्कृत भएका छन् । मलेसिया गएर फर्किएका विष्टले बैतडीको पाटनमा कैलपाल बहुउद्देश्य कृषि फार्म सञ्चालन गरिरहेका छन् ।

रिटर्नी उद्यमीहरूलाई सम्मान गर्दै श्रममन्त्री शरतसिंह भण्डारीले विदेशबाट फर्किएकाहरूलाई मुलुकमा काम गर्ने वातावरण तयार गर्नतर्फ सरकार लागिपरेको बताए । 'अहिलेसम्म वैदेशिक रोजगारीमा जानेहरूको मात्र कुरा गरिरहँदा सरकारले विदेश जानेलाई मात्र प्रोस्साहन गरेको हो कि जस्तो देखिएको छ । तर रोजगारीबाट फर्किएकाको सीप, ज्ञान र पुँजीको उपयोगमा सरकारले ध्यान दिएको छ,' उनले भने ।

मन्त्री भण्डारीले श्रम गर्ने बानीले रोजगारी सिर्जना गर्ने र यसले मुलुकको समष्टिगत रोजगारीमा सघाउने बताए । यस्ता कार्यक्रमले श्रमको सम्मान गर्ने संस्कार विकास गर्ने उनको भनाइ थियो । कार्यक्रममा मन्त्रालयका सचिव डा. कृष्णहरी पुष्करले वैदेशिक रोजगारीमा जानेलाई लाग्ने गरेको आरोप कार्यक्रमले चिरेको बताए । 'वैदेशिक रोजगारीबाट फर्किनेहरू पुँजी, सीप, प्रविधि र ज्ञान लिएर फर्किन्छन् । वैदेशिक रोजगारीमा जानु भनेको पलायन हुनु हो भन्ने भाष्यलाई पुरस्कृत हुनेहरूले चिरिदिएका छन्,' उनले भने, 'सामाजिक, आर्थिकरूपमा पिछडिएको वर्गलाई शोषण गर्नेहरूले त्यस्तो भाष्य बनाएका हुन् ।'

नेपालमा पनि अन्य मुलुकबाट आएका तीन-चार हजार जतिले रोजगारी गरिरहेकाले वैदेशिक रोजगारी 'नेचुरल इकोसिस्टम' भएको उनको भनाइ थियो । वैदेशिक रोजगारीका कारण एउटा स्थानमा भएको सकारात्मक परिवर्तनको प्रभाव अर्को स्थानमा पर्ने पुष्करले बताए । सरकारले आर्थिक सहयोग, कर छुट, उत्पादित वस्तुको बजारीकरण लगायतमा रिटर्नीलाई सहयोग गरिरहेको उनको भनाइ छ ।

■■■

## ठगी गर्नेलाई...

'अहिलेकै कानुनअनुसार हुने हो भने सबै मुद्दा टुंगोमा पुग्न २५ वर्ष लाग्छ, त्यसकारण ऐन संशोधन गर्ने पक्षमा छौं, वैदेशिक रोजगार न्यायाधिकरणको पक्षमा छौं, जिल्ला जिल्लामा उजुरी लिएर जिल्ला अदालतमा मुद्दा चल्ने अवस्थाका लागि व्यवस्थापन गर्दै छौं, जिल्ला प्रशासन कार्यालयमै उजुरी दिने व्यवस्था गर्नु आवश्यक छ,' उनले भने ।

मन्त्री भण्डारीले बाध्यात्मक वैदेशिक रोजगारीको विकल्प आन्तरिक रोजगारको विकास र प्रवर्द्धन रहेको उल्लेख गर्दै सुरक्षित वैदेशिक रोजगारसँगसँगै आन्तरिक रोजगारी प्रवर्द्धनका लागि पनि जोड दिइएको बताए । 'पहिला मन्त्रालयको ध्यान वैदेशिक रोजगारमा मात्रै थियो, अहिले आन्तरिक रोजगारलाई ध्यानमा दिएर सीप विकास प्रतिष्ठानमार्फत कार्यक्रमलाई अगाडि बढाएका छौं, अब नेपालीलाई वैदेशिक रोजगारबाट फर्काएर मुलुकको आर्थिक विकास र समृद्धिको हितमा काम गर्न सामीमार्फत नै अभियान अगाडि बढाउन जोड दिन्छौं, अबको अवस्थामा हामीले यही रोजगारी र अर्थतन्त्रको सिर्जना गर्नुपर्छ,' उनले भने ।

सामी परियोजनाले कार्यक्रमको औचित्यता प्रमाणित गरेको उल्लेख गर्दै मन्त्री भण्डारीले सुरक्षित आप्रवासनको सेवालाई ७५३ वटै पालिकामा पुर्‍याउन चाहेको बताए । 'अहिले हामीले राष्ट्रिय आप्रवासन नीतिका लागि ध्यान दिएका छौं, सरकारले मनोसामाजिक परामर्श गर्ने कुरालाई पनि जोड दिएको छ, वैदेशिक रोजगारका सन्दर्भमा दुईपक्षीय सम्झौताका आधारमा न्यूनतम तलब तोकेर श्रमिकका हितमा काम गरेका छौं, आतेजाते खर्चमा रोजगारदाताले व्यवस्थापन गर्नुपर्ने गरी व्यवस्था गराउन जोड दिएका छौं,' मन्त्री भण्डारीले भने ।

वैदेशिक रोजगारका कारण मुलुक खाली भयो भन्ने भाष्य सिर्जना गरिएको जिकिर गर्दै उनले पाँच वर्षमा ६० लाख नागरिक वैदेशिक रोजगारीमा गए पनि ५० लाख नागरिक स्वदेश फर्किएको तथ्यांक रहेको बताए ।

■■■

## इजरायलमा...

'परराष्ट्र मन्त्रालयले एड्भाइजरी जारी गरेकाले 'नो अब्जेक्सन' दिनु भनेर हामीले आइतबार मन्त्रालयमा लेखेर पठाएका छौं । हामीले हाम्रोतर्फबाट श्रमिकको माग, नेपालमा भएका इजरायलका राजदूत र इजरायलमा हुनुहुने नेपाली राजदूतले पठाएको विषय चिठीमा उल्लेख गरेका छौं,' उनले सोमबार प्रभावसँग भनेका थिए, 'परराष्ट्रले नो अब्जेक्सन दिनेबित्तिकै नियमित सञ्चालन हुन्छ, त्यो काम ।'

इजरायल-हमास द्वन्द्वका कारण रोकिएको श्रमिक लैजाने प्रक्रिया गत वर्षको असारमा आवेदन आह्वान गरेसँगै पुनः सुरु भएको थियो । उक्त आवेदन दिएकामध्येबाट कूल ९१९ जना इजरायल जान छनोट भएका थिए । जसमध्ये ५४३ जना गइसकेका छन् । भिसा लागेका ३५ जनाको उडान गत जुन २१ तारिखका लागि तय भए पनि इरानसँगको पछिल्लो द्वन्द्वका कारण स्थगित भएको थियो । परराष्ट्रले यात्रा प्रतिबन्ध हटाएसँगै इजरायल रोजगारीमा पठाउने प्रक्रिया सुरु हुने विभागले बताएको छ ।

■■■

## व्यवसायी संघले...

'यो क्षेत्र व्यावसायिक भएको र दोस्रो पुस्ताले पनि यसमा रुचि राखेका छन्,' उनले भने, 'तर सामाजिक उत्तरदायित्वमा कमी आएको छ । व्यवसायीहरू सामाजिक कार्यमा प्रत्यक्ष सहभागी हुनुपर्ने आवश्यक रहेको छ ।'

संघले मंगलबार नै आफ्नो स्थापना दिवसको अवसर पारेर कीर्तिपुरस्थित भत्केपाटीमा रहेको 'चिल्ड्रेन अफ द स्ट्रिट्स (कट्स)'मा रहेका चेपाङ समुदायलगायत अन्य बालिकाका लागि खाद्यान्न, स्यानिटरी प्याड र स्टेसनरी वितरण गरेको छ । संघले त्यहाँ रहेका ४१ जना बालिकाका लागि तीन महिनालाई पुग्नेगरी उक्त सामग्री वितरण गरेको जानकारी दिएको छ ।

सहयोग सामग्री हस्तान्तरण गर्न संघको वर्तमान कार्यसमितिका साथै अन्य वैदेशिक रोजगार व्यवसायीसमेतको टोली पुगेको थियो । व्यवसायीहरूलाई कट्सका बालिकाहरूले स्वागत गरेका थिए । दैनिक उपभोग्य सामग्री दिएर सहयोग गरेकोमा उक्त संस्थाले संघलाई धन्यवाद दिएको छ ।


**भूल सुधार**

**मिति २०८२/०३/१० गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित कुवेतमा रोजगार पूर्व स्वीकृत मितिः २०८२/०३/०९ Lt. No. 326056 चलानी नं. ६०२४०००१ को विज्ञापनमा कम्पनीको नाम WARA RESTAURANT AND CAFE COMPANY हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।**

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com

**नाम परिवर्तन सम्बन्धि सूचना**

दोस्रो पटक प्रकाशित मिति: २०८२/०३/१८

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/०५/११ गते बमोजिम यस 'सिनर्जी एकाउन्टिङ्ग कन्सल्टेन्सी प्रा.लि. को साविकको नाम परिवर्तन भई बिज गुरु प्रा.लि. भएको जानकारी सबैमा गराउँदछु ।

**श्री खश्रेपाखा सामुदायिक वन उपभोक्ता समूह,**
**मण्डनदेउपूर ३, काभ्रेपलाञ्चोकको**

**काठ दाउराको शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः– २०८२/०३/१८ गते**

यस सामुदायिक वन उपभोक्ता समूहले स्विकृत वन कार्ययोजा बमोजिम आ.व. २०८१।०८२ मा वन व्यवस्थापन गर्दा कटानी भएका पाटेसल्ला, गोब्रेसल्ला प्रजातीका रुखबाट उत्पादन भएका जम्मा गोलिया थान ५७० को २५६६.०३ क्युफिट र दाउरा २.४२ चट्टा मण्डनदेउपूर ३ दुहिलडाँडा घाटगद्धी स्थानमा घाटगद्धी गरी राखेको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। सम्बन्धित निकायमा सुचिकृत काठ दाउराको कारोबार गर्ने सुचिकृत इच्छुक संघ संस्था, फर्म वा कम्पनिले सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानकारीको लागि सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ। सम्पर्क नं. ९८४९४३११०१

**अध्यक्ष**
**श्री खश्रेपाखा सामुदाकिय वन उपभोक्ता समूह**

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१८**

यस कम्पनीको मिति २०७८/०६/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **समसरमा बेलनेस स्पा रिर्सोट प्रा.लि.**/Samsarma Wellness Spa Resort Pvt.Ltd. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **समसारा वेलनेस स्पा रिर्सोट प्रा.लि.**/Samsara Wellness Spa Resort Pvt.Ltd. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०६/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **समसारा वेलनेस स्पा रिर्सोट प्रा.लि.**/Samsara Wellness Spa Resort Pvt.Ltd. (**प्रा.लि.नं.**१७९२८९) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**काठ, दाउरा लिलाम सम्बन्धीको सूचना सच्याईएको सूचना**

मिति २०८२/०३/१५ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित काठ, दाउरा लिलाम सम्बन्धीको सूचनामा साल, कर्मा, असना, टाटरी, बाँझी, भद्रे जामुन, भलायो जातको ४२५६.३८ क्यू.फि. काठ, साल दाउरा १२ चट्टा, अन्य दाउरा १.५० चट्टा हुनु पर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।

**श्री जामुने सा.व.उ.स., रैनादेवी छहरा-७, पाल्पा**

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/१८**

यस कम्पनीको मिति २०८२/०१/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **स्काई स्टार टेक्निकल ट्रेनिङ्ग सेन्टर** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **आर.आर. स्टार टेक्निकल ट्रेनिङ्ग सेन्टर** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०१/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आर.आर. स्टार टेक्निकल ट्रेनिङ्ग सेन्टर** (**प्रा.लि.नं.**३५७४४०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**शिलबन्दी दरभाउ प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०३/१८ गते**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादन भई आ.व. २०८०/८१ मा मौज्दात रहेको आपुर्ती तर्फको काठ दाउरा वन पैदावार आपुर्ती समिती, बाँकेको को च.नं. १५८ मिती २०८२/०३/०१ गतेको काठ दाउरा फिर्ता गरि नियमानुसार लिलाम बढावढ गर्ने सहमती पत्र बमोजिम समूहको घाटगद्दीमा रहेको साल जातको गोलिया थान २११ को १३७७.७३ क्यू. फिट काठ र साल लगायत अन्य प्रजातीको ७.०० चट्टा दाउरा हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम बिक्री प्रक्रियामा भाग लिनको लागि सार्वजनिक खरिद ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम मूल्य अभिवृद्धी करमा दर्ता भइ नविकरण भएका र डिभिजन वन कार्यालयमा सुचिकृत भएका काष्ठ व्यवसायी, व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा अपरान्ह १२:०० बजे भित्र सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई अनुरोध छ ।

**श्री लालिगुराँश सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी-२, बाँके**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

बुधबार, १८ असार, २०८२

| | |
|---|---|
| **मेष** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृष** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **मिथुन** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कर्कट** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **सिंह** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **कन्या** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्तनहुने । |
| **वृश्चिक** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **धनु** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **कुम्भ** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **मीन** | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा | |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१८ असार , २०८२ (०२ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.४७ | १३७.०७ |
| युरो | १ को | १५९.९४ | १६०.६५ |
| पाउन्ड स्टिर्लङ | १ को | १८७.१८ | १८८.०० |
| स्विस फ्रैन्क | १ को | १७०.७९ | १७१.५४ |
| अस्ट्रेलियन डलर | १ को | ८९.१२ | ८९.५१ |
| क्यानाडियन डलर | १ को | ९९.७४ | १००.१८ |
| सिङ्गापुर डलर | १ को | १०६.९६ | १०७.४३ |
| जापानी येन | १० को | ९.४३ | ९.४७ |
| चिनियाँ युआन | १ को | १९.०३ | १९.११ |
| साउदी अरब रियाल | १ को | ३६.३९ | ३६.५५ |
| कतारी रियाल | १ को | ३७.३४ | ३७.५० |
| थाई भाट | ख १ को | ४.१९ | ४.२१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१६ | ३७.३२ |
| मलेसियन रिङेट | १ को | ३२.२७ | ३२.४१ |
| दक्षिण कोरियन वन | १०० को | १०.०० | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १४.३८ | १४.४४ |
| डेनिस क्रोनर | १ को | २१.४४ | २१.५३ |
| हङकङ डलर | १ को | १७.३८ | १७.४६ |
| कुवेती दिनार | १ को | ४४७.०० | ४४८.९७ |
| बहराइन दिनार | १ को | ३६१.८५ | ३६३.४४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# हिमतालको जोखिम घटाउन जिसिएफको पाँच अर्ब अनुदान




**काठमाडौं–** नेपालले जोखिममा रहेका चार हिमतालको सतह घटाउनका लागि करिब पाँच अर्ब रूपैयाँको अनुदान पाउने भएको छ। सोमबार राति हरित जलवायु कोष (जिसएफ) को पोपुआ निउगिनीको राजधानी पोर्ट मोरिस्बीमा बसेको ४२औं बोर्ड बैठकले नेपालबाट पेस भएको 'हिमाली जलाधारमा हुने जलवायुजन्य पहिरो र हिमताल विष्फोटको जोखिमबाट धनजनको रक्षा' शीर्षकको परियोजना स्वीकृत गरेको हो ।

बैठकमा भाग लिन पोर्ट मोरिस्बीमा पुगेका अतिकम विकसित मुलुकहरूको समूह (एलडिसी) को तर्फबाट जिसिएफको वैकल्पिक बोर्ड सदस्य डा. सिन्धुप्रसाद ढुंगानाले यस परियोजनमा हरित जलवायु कोषबाट तीन करोड ६२ लाख अमेरिकी डलर अर्थात् करिब पाँच अर्ब रूपैयाँ अनुदान प्राप्त हुने निर्णय भएको पुष्टि गरे ।

'विकसित मुलुकबाट १२ र विकासशील मुलुकबाट १२ गरी कूल २४ सदस्य हुने बोर्डमा कुनै प्रस्ताव मतदानबाट र कतिपय प्रस्तावहरू बोर्ड सदस्यहरूकाबीच व्यापक छलफलपछि मात्र स्वीकृत भएका थिए । तर नेपालको प्रस्ताव भने सर्वसम्मतिले स्वीकृत भएको थियो,' उनले भने, 'यसबाट कोष र बोर्डको नेपालप्रति सदस्यता रहेको प्रस्टै देखिन्छ । नेपालको राष्ट्रिय अनुकूलन योजनामासमेत गम्भीरतापूर्वक राखिएको हिमताल विष्फोटको जोखिममा यस्ता दर्जनौं अरु परियोजनाको खाँचो छ ।'

ढुंगानाले करिब सात वर्ष लगाएर तयार गरिएको यो परियोजनाको कार्यान्वयनबाट हिमताल विष्फोटको जोखिमबाट नेपाल जोगाउने उपायका लागि नमूना सिद्ध हुने अपेक्षा गर्न सकिने बताए । उनका अनुसार कोषको ४२ औं बैठकमा कूल १९ प्रस्ताव पेस भएकामा नेपालसहित १७ वटा प्रस्ताव पारित भएका छन् । त्यसैगरी यस परियोजनमा नेपाल सरकार, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी), स्वतन्त्र ऊर्जा उत्पादक संघले एक करोड ३८ लाख अमेरिकी डलर सहलगानी गर्ने प्रतिबद्धता जनाएका छन् । यो परियोजना नेपाल सरकारको तर्फबाट कोषको सम्बन्धन प्राप्त निकायको रूपमा युएनडिपीले पेस गरेको हो ।

युएनडिपीका प्रवक्ता क्याको योकोसुकाले सात वर्षे उक्त परियोजना जल तथा मौसम विज्ञान विभागको नेतृत्वमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमसँगको साझेदारीमा लागू हुने जानकारी दिए । 'यसले कोशी र गण्डकी नदी प्रणालीमा पर्ने करिब २२ लाख जनसंख्यालाई प्रत्यक्ष लाभ पुऱ्याउने छ,' उनले भने, 'यस परियोजनाअन्तर्गत उच्च जोखिमयुक्त चारवटा हिमतालको सतह घटाइने, पूर्वसूचना प्रणाली विस्तार गरिने, नदी किनारामा १५० हेक्टरभन्दा बढी क्षेत्रमा वन रोपणसहित प्राकृतिकमार्फत संरक्षण गरिने र विपद् पूर्वतयारी र जलवायु सहनशीलता अभिवृद्धि गरिने योजना रहेको छ ।' नेपालले यसअघि सोलुखुम्बुको इम्जा तालमा ३.४ मिटर पानीको सतह नियन्त्रणपूर्वक घटाएर सफलतापूर्वक सम्भावित विपद् टार्न सफल भएको थियो ।

अनुभवलाई यस परियोजनाले थप व्यापक बनाउने युएनडिपीको विश्वास छ । हिमालय क्षेत्रमा तापमान तीव्ररूपमा बढ्दै गएको सन्दर्भमा यो परियोजना तत्कालीन आवश्यकतालाई सम्बोधन गर्नुका साथै दीर्घकालीन दूरदृष्टिमा आधारित जलवायु कार्यलाई सहयोग गर्ने भन्दै जलवायु अतियन्ता उत्साहित देखिएका छन् । वैज्ञानिक आधार, सरकारको नेतृत्व र अन्तर्राष्ट्रिय सहकार्यको बलमा अघि बढाइएको यस अभियानले नेपाललाई जलवायु सहनशील देशको रूपमा स्थापित गर्न महत्त्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ ।

परियोजनाले विशेषगरी नेपालका हिमाली क्षेत्रका नदी बेसिनमा जलवायु परिवर्तनका कारण उत्पन्न उच्च जोखिमलाई सम्बोधन गर्ने, हिमतालबाट सम्भावित बाढी व्यवस्थापन र तीव्र हिमाल क्षेत्रीय जलवायु प्रभावका कारण उत्पन्न हुने प्राकृतिक प्रकोपबाट स्थानीय समुदायको जीविका, संरचना तथा पूर्वाधारको सुरक्षा गर्नु लक्ष्य रहेको छ । सरकार, विकास साझेदार, विज्ञ तथा सरोकारवालाको दीर्घ प्रयासपछि परियोजना स्वीकृति भएकोमा सबै सरोकारवालालाई बधाइ तथा धन्यवाद दिइएको छ ।

यो सफलता नेपालको जलवायु न्याय र अन्तर्राष्ट्रिय सहयोग दातासँगको प्रभावकारी साझेदारीको प्रमाण स्वरूपसमेत हेरिएको छ । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र युएनडिपि को 'इन्भेन्टोरी अफ ग्ल्यासियर लेक्स इन द कोशी, गण्डकी एण्ड कर्णाली रिभर बेसिन्स अफ नेपाल एण्ड तिब्बत, चाइना' शीर्षकको अध्यायन प्रतिवेदनले नेपाल, भारत र चीनमा अवस्थित ४७ वटा हिमताल फुट्न सक्ने बताएको छ । युएनडिपि र इसिमोडले संयुक्त रूपमा गरको उक्त अध्ययन प्रतिवेदनले नेपाल, भारत र चीनमा पर्ने ४७ हिमताल खतरायुक्त तहमा पुगेको उल्लेख छ । यी हिमताल जुनसुकै बेलामा पनि फुट्नसक्ने र नेपालले ठूलो धनजनको क्षति बेहोर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

उक्त अध्ययनअनुसार यीमध्ये २५ वटा चीनमा, २१ नेपाल र एउटा भारतमा पर्छ । तीनमध्ये केही अत्यन्त संवेदनशील मानिएका छन् जसले ठूलो मात्रामा जनधनको क्षति गराउने सम्भावना रहेको अध्ययनले देखाएको छ। प्रतिवेदनले जोखिममा रहेका हिमताल फुट्दा नेपालले विलियन डलरभन्दा बढी वित्तीय क्षति बेहोर्नुपर्ने र ठूलो मानवीय क्षति पनि गर्नसक्ने उल्लेख गरेको छ । प्रतिवेदनले क्षति न्यूनीकरणका लागि आवश्यक पूर्वतयारीका कार्यक्रम तय गर्न पनि सुझाव दिएको छ ।

यस्तो अवस्थामा यो परियोजना नेपालको जलवायु अनुकूलन प्रयासमा ठूलो कोसेढुंगा सावित हुने विश्वास लिइएको छ । जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशीले नेपालभित्र जोखिममा रहेका २१ वटा हिमताल जति पनि बेला फुट्न सक्ने र यसले ठूलो जोखिम निम्ताउन सक्ने खतरा रहेको बेलामा जिसिएफको अनुदानले जोखिम व्यवस्थापनका लागि सहयोग गर्ने भन्दै यो नेपालको लागि ठूलो उपलब्धि रहेको टिप्पणी गरे ।

'यस्ता जोखिममा रहेका हिमतालका जोखिम न्यूनीकरणका लागि नेपाल सरकारले खर्च व्यवस्थापन गर्न नसकिरहेको बेलामा अनुदान प्राप्त गर्नु हाम्रो लागि ठूलो सफलता हो । जिसिएफमा पहुँच पुग्नु पनि नेपालका लागि राम्रो भयो,' उनले भने, 'उक्त अनुदानले चार वटा हिमतालको जोखिम घटाउन सहयोग गर्ने भयो । अब बाँकी रहेका हिमतालको जोखिम घटाउनका लागि कसरी अगाडि बढ्ने भनेर योजना बनाउन पनि सहयोग हुनेभयो ।' जोशीले भारत र चीनभित्र जोखिममा रहेका हिमताल फुट्दा नेपाललाई पनि असर पुग्ने बताए । *रासस*

# 'प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी र सरसफाइमा पहुँच हुनुपर्छ'

**सेभिया (स्पेन)–** संयुक्त राष्ट्रसंघीय 'विकासका लागि वित्त' सम्बन्धी चौथो अन्तरार्राष्ट्रिय सम्मेलनका क्रममा स्पेनमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली नेपाल र बुरुण्डीद्वारा सहआयोजना गरिएको राष्ट्रप्रमुख तथा सरकार प्रमुखहरूको पहलमा पानी तथा सरसफाइ वित्तीय स्रोतको प्रवाहसम्बन्धी उच्चस्तरीय साइड इभेन्टमा सहभागी भएका छन् ।

बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले खानेपानी र सरसफाइ आधारभूत मानवअधिकारको विषय भएकाले यसलाई विकासको लक्ष्य मात्र नभइ मानवीय सम्मान र सभ्यतासँग जोडेर हेर्न आह्वान गरे । विश्वका अर्बौं मानिस खानेपानी र सरसफाइको अभावमा जनस्वास्थ्यका समस्या भोगिरहेको उल्लेख गर्दै उनले साझा प्रयासबाट यसको समाधान गर्न सकिने बताए ।

'विश्वलाई स्वच्छ खानेपानी र सरसफाइपूर्ण बनाउन सकिन्छ । यसका लागि नेपाल पूर्णप्रतिबद्ध छ । हामीले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी र सरसफाइमा पहुँचलाई संविधानको मौलिक हकका राखेका छौं । यो हकको कार्यान्वयन चुनौतीपूर्ण भए पनि समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षाका साथ हामीले यसलाई प्रमुख प्राथमिकतामा साथ पूरा गर्ने छौं,' उनले भने ।

प्रधानमन्त्री ओलीले नेपालको अनुभवका आधारमा पानी र सरसफाइ अभियान (वास) लाई राष्ट्रिय सफलताको विषय बनाउने बलियो आधार तय भएको पनि उल्लेख गरे ।


**कतारमा रोजगार** — कम्पनी : SERENDIP CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. 326511 | चलानी नं. ६०२४०४५०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drycleaner | 8 | 0 | 1000 | ३७,७११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २५ गते (9th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD. — श्रम इजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, 9804922520 Fax: +977-1-4469772



**साउदीमा रोजगार** — कम्पनी : Al-Ahsa Ready Mix Concrete Company.

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326539 | चलानी नं. ६०२४०४८०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bulldozer Driver | 1 | 0 | 1800 | ६५,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 3 | 0 | 1800 | ६५,६४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २५ गते (9th Jul. 2025) मा हुनेछ । सेवा शुल्क: १०,०००

HALESI OVERSEAS PVT LTD — Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com


प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

## पूर्वाधार विकास कार्यालय

ओखलढुंगा, कोशी प्रदेश,नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मिति २०८२/०३/१८**

यस कार्यालयको मिति २०८२/०२/०७ गते र मिति २०८२/०२/०८ गते बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निर्माण कार्य गर्नको निम्ति पेश भएका बोलपत्रदाताहरूको मूल्याङकन गर्न गठित मूल्याङकन समितिको सिफारिस अनुसार देहाय बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै वोलपत्रदाताहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| S.N | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | IDO-OKHAL-NCB-LSTB-28-2081/082 | Supply, Fabrication, Erection, Transportation and Construction of Solu Khola Long Span Trail Bridge (LSTB) Solakhark, Solududhkund Na Pa-7, Solukhumbu Through Construction Turnkey Package (CTP) | D Gautam Nirman Sewa, Kathmandu-32,Nepal | NRs.1,67,66,712.87 |
| 2 | IDO-OKHAL-NCB-BRIDGE-33-2081/082 | Construction of "Molung Khola Bridge" Molung Rural Municipality 8 & 5, Diplisatighat , Okhaldhunga | Singhadevi-Bhujel JV,Siddhicharan-11,Okhaldhunga,Nepal | NRs.5,01,42,175.92 |
| 3 | IDO-OKHAL-NCB-BRIDGE-34-2081/082 | Construction of "Silkhu Khola Bridge" At Pasaltar Road, Okhaldhunga | Singhadevi Nirman Sewa Pvt.Ltd.,Manthali-1,Ramechhap,Nepal | NRs.5,89,91,788.42 |

Office Chief


**मरिससमा रोजगार** — कम्पनी : MARTINSON & COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८०/१०/०७ | पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 298287 | चलानी नं. ६०२१३४३९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason/Tiles Mason/Carpenter/Steel Fixture | 35 | 0 | 16000 | ४८,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २५ गते (9th July 2025) मा हुनेछ ।

Humour Overseas Pvt. Ltd. — श्रम इजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



**साउदीमा रोजगार** — कम्पनी : LEEJAM SPORTS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326578 | चलानी नं. ६०२४०४८६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 50 | 0 | 1000 | ३६,६०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २५ गते (9th July 2025) मा हुनेछ ।

SHADA EMPLOYMENT SERVICES PVT.LTD. — श्रम इजाजत नं. १३८७/०७४/०७५
Gaushala-9, Opposite to Hotel Dwarika, Nepal, Tel: 01-4565453
E-mail : dawa007grg@gmail.com, md@shadaes.com.np, Website : www.shadaes.com.np



**साउदीमा रोजगार** — कम्पनी : ABWAB HOBOUB AUTOMATIC DOORS ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०३/१५ | LT. No. 326449 | चलानी नं.६०२४०३८०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helpers | 2 | 0 | 1000 | ३६,६०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २५ गते (9th July 2025) मा हुनेछ ।

ROSEBUD HUMAN RESOURCE PVT. LTD — श्रम इजाजत नं. १६६५/०८०/८१
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com



**युएइमा रोजगार** — कम्पनी : VSA BUILDING CONTRACTING LLC.

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326516 | चलानी नं. ६०२४०४४१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason (Nepal) | 25 | 0 | 1200 | ४४,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २५ गते (9th July 2025) मा हुनेछ ।

SUN AND COMPANY PVT. LTD. — श्रम इजाजत नं. १६४/०५६/०५७
Dhumbarahi, Kathmandu, Nepal Tel : 01 - 4375649, Mobile: +977 9847514455, 9813992878, 9851036755 & 9806817311, E-Mail : sunandcom164@gmail.com & bigyan48@yahoo.com, Website : www.sunmanpower.com



**युएइमा रोजगार** — कम्पनी : ANSON CONSTRUCTION LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326408 | चलानी नं. ६०२४०४८२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 10 | 0 | 1200 | ४४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 30 | 0 | 1000 | ३७,२३५ | | | | | | | |
| 3 | Skilled Plumber | 10 | 0 | 1200 | ४४,८६५ | | | | | | | |
| 4 | Tile Layer | 20 | 0 | 1200 | ४४,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २५ गते (9th Jul. 2025) मा हुनेछ ।

AMCON OVERSEAS PVT LTD — श्रम इजाजत नं. ६९४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977, E-mail: amconoverseas123@gmail.com



**साउदीमा रोजगार** — कम्पनी : ASAS ALAFAR GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326530 | चलानी नं. ६०२४०४६४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading and unloading worker/ helper | 10 | 0 | 1000 | ३६,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ असार २५ गते (9th Jul. 2025) मा हुनेछ । सेवा शुल्क: १०,०००

All Asia Overseas Pvt.Ltd — श्रम इजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



**युएइमा रोजगार** — कम्पनी : AL SIRAAJ ALDHAHABIU BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326505 | चलानी नं. ६०२४०४४५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tile Layer | 25 | 0 | 1200 | ४४,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २५ गते (9th July 2025) मा हुनेछ ।

BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD. — श्रम इजाजत नं. ३०७/०५९/६०
Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906
Email: service.bhairabintl@gmail.com



**कुवेतमा रोजगार** — कम्पनी : GULF SCAFFOLDING FACTORY FOR ALUMINUM & BALACKSMITH WORKS

पूर्व स्वीकृति मिति : २०८०/१०/१९ | पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 299384 | चलानी नं. ६०२१४३३४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 15 | 0 | 115-135 | ५१,५३५-६०,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Shuttering Carpenter | 10 | 0 | 115-135 | ५१,५३५-६०,५०० | | | | | | | |
| 3 | Steel Fixer | 10 | 0 | 100-120 | ४४,८१५-५३,७७५ | | | | | | | |
| 4 | Helper | 20 | 0 | 90 | ४०,३३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: राम जानकी ट्रेनिङ सेन्टर, जनकपुरमा मिति: २०८२ असार २२ गते (6th July 2025) मा हुनेछ ।

EXPRESS RECRUITER NEPAL PVT. LTD — Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897, 5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कानुन निर्माण प्रक्रियामा गम्भीर हेलचक्र्याइँ

प्रतिनिधिसभा सदस्यलाई हामी सांसदको रूपमा चिन्छौ। सांसदको मुख्य भूमिका विधेयकमा काम गर्नु हो। कानुन बनाउनु हो। यसैले सांसदलाई विधायकका रूपमा पनि चिन्छौं। देशलाई बेलाबेला कानुनी व्यवस्थाहरू अपडेट गराइरहनुपर्छ। सुधार र संशोधन गरिराख्नुपर्छ। यसका लागि विधेयक बन्छ। विधेयक संसदीय समितिमा व्यापक छलफलहुँदै प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रिय सभामा जान्छ। त्यहाँबाट पारित भएपछि राष्ट्रपतिबाट प्रमाणीकरण गरेर राजपत्रमा छापेसँगै विधेयक कानुन बन्छ।

अहिले संसद्को राज्य व्यवस्था तथा सुशासन समितिबाट प्रस्तुत प्रतिवेदनसहित प्रतिनिधिसभाबाट पारित भएको निजामती विधेयकले तरंग ल्याएको छ। उक्त विधेयकमा व्यवस्था गरिएको 'कुलिङ पिरियड'को प्रावधानसहित संसद्बाट पारित भएको तर पारित भएर आएको विधेयकमा 'बाहेक' शब्द घुसाइएको विषय चर्चामा छ। खासमा शब्दको केस्राकेस्रा केलाउने काम संसदीय समितिको हो। संसदीय समितिमा सबै दलका सांसद हुन्छन्। त्यसपछि प्रशासनिक व्यक्ति जो सरकारको कर्मचारी हुन्छ एक जना सदस्यसचिव हुन्छ।

सांसदहरूले जे–जस्ता अभिव्यक्ति वा सुझाव दिए पनि धेरैजसो टिपोट गर्ने काम सदस्यसचिव वा सरकारी कर्मचारीबाटै हुन्छ। विषयविज्ञको सुझाव संकलन गर्ने काम पनि सदस्यसचिवबाटै हुन्छ। हुन त कुन सांसदले के सुझाव दियो भन्ने पूर्णअडियो विवरण वा भिडियो विवरण संसदीय समितिको वेबसाइटमै राख्ने सुविधा छ। तर संसदीय समितिहरूले सांसदहरूको राय यसरी वेबसाइटमा राखेको पाइँदैन। सांसदहरूले एक त आफूले दिएको सुझावै बिर्सन्छन्। कतिपय टाठाबाठा भनिने सांसद समितिमा छलफलमै पुग्दैनन्। पुगेकाहरूले पनि गफ र भाषण अनि 'इन्ट्रेस्ट ग्रुप'को रुचिअनुसार भनाइ राखेर औपचारिकता पुरा गर्छन्। विधेयकमा के हेरफेर भयो खासै ध्यानै दिँदैनन्।

पछिल्लो निजामती विधेयकमा पनि सांसदहरूले 'बाहेक' शब्द राज्यव्यवस्था समितिबाट जबरजस्ती राखेको भन्दै आपत्ति जनाए। जबकि उक्त शब्द पुष्पकमल दाहाल नेतृत्वको सरकारकी संघीय मामिलामन्त्री अनितादेवी साहको पालामा सदनमा पेस भएको विधेयकमै थियो। सांसदहरूले समितिमा पारित नगरेपछि उक्त शब्द हुबहु जाने नै भयो। कुलिङ पिरियड पनि जस्ताको तस्तै भएकै देखिन्छ। यसमा एउटा समस्या भनेको सांसदहरू नपढी बोल्ने, आफू केही नगर्ने, भाषणबाजीमा रमाउने कारणले पनि हो।

कानुन निर्माणमा सरकार नै उदासीन भएको कारण पनि राजनीतिक दल र सांसदहरूले होहल्ला गर्छन्। खाजा पनि नपाउने, खाना पनि नपाउने भन्दै सांसदहरू विषयगत छलफलमा खासै जाँदैनन्। पुगिहाले पनि हाजिर गरेर फरार हुन्छन्। दीर्घकालका लागि चाहिने कानुन यस्तै हुलहुज्जतमा रमाउने सांसदहरूले बनाउँदा देश दिनानुदिन पछि परिरहेको छ। कागले कान लग्यो भने पछि कान नछामेर कागकै पछि लागेर कानुन निर्माणजस्तो विषयको यसरी नै धज्जी उडाइरहेको छ। कानुन निर्माण प्रक्रियामा भएको यस्तो गम्भीर हेलचक्र्याइँले संसद्को गरिमामाथि प्रश्न उठ्नु अस्वाभाविक मान्न सकिँदैन।

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

**१) कसैको प्रलोभनमा नफसौं**

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन्। आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो। कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ। फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ।

**२) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं**

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न। स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ।

**३) आफ्नो सुरक्षामा ध्यान दिऔं**

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ। काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ। कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ। याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ।

**४) काममा लगनशील बनौं**

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ। उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतया: कुनै सुनुवाइ गर्दैन। अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ। याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ।

**५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं**

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ। स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ। यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ।

# असारे विकासको चटारो



■ दामोदर खनाल

> आर्थिक वर्षको ११ महिना कानमा तेल हालेर बस्ने हाम्रा सरकारी विकासे अड्डा अहिले रातमा पनि काममा तल्लीन देखिएको छ। कतिपय विकासे अड्डामा बिल भर्पाइ मिलाउन भ्याइनभ्याइ छ। जहाँ हुने काम पनि अलिअलि भएको देखिन्छ, नहुने काम पनि भइराखेको छ। नीतिगत बेथिति बढेको छ। तर सरोकारवाला निकाय "तैं चुप मै चुप" को अवस्थामा देखिएका छन्। असार महिनामा मात्रै विनियोजित बजेटको झण्डै ४० प्रतिशत रकम खर्च हुने विगतको तथ्यांकले देखाउँछ।

यो असार महिना बजेटको महिना हो। देशभरका स्थानीय सरकारहरूले आर्थिक वर्ष २०८२/८३ को बजेट सार्वजनिक (केही स्थानीय तहलेबाहेक) गरिसकेका छन्। संघीय सरकारले जेठ १५ र र प्रदेश सरकारले असार १ मा बजेट ल्याइसकेका छन्। यो महिना चालु आर्थिक वर्षको अन्तिम महिना। चालु आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन गरिएको बजेट सकाउन अन्तिम कसरतमा तीनै तहका सरकारका निकायहरू लागिरहेका छन्। आर्थिक वर्षका सुरुआती महिनाहरूमा काम नगरी बस्ने र अन्तिम असारमा जसोतसो काम सकेर भुक्तानी लिने/दिने प्रवृत्ति हट्न सकेको छैन। त्यसैको चटारोमा छन् अहिले तीनै तहका सरकार। ठेकेदारलाई काम सक्ने हतारो छ। यसरी अन्तिममा मात्रै काम गर्ने र भुक्तानी लिने/दिने कार्यले गर्दा 'असारे विकास' भन्ने गरिएको छ।

कतिपय स्थानीय तहमा असार १० गतेभित्र सार्वजनिक हुनुपर्ने बजेट दलीय खिचातानी र भागबण्डाले सार्वजनिक हुन सकेको छैन। संघीय बजेट विवाद र सांसदहरूको असन्तुष्टिका बाबजुद प्रतिनिधिसभाबाट पारित भइसकेको छ। अर्थात् बजेट निर्माणदेखि कार्यान्वयनसम्म विवादै विवाद रहने गर्दछ। अन्तिममा जथाभावी खर्च गर्ने प्रवृत्तिले बजेटको लक्ष्य त भेटिँदै नै, उल्टो दुरूपयोग भइरहेको छ। केन्द्रमा हुने अनियमित खर्च अहिले स्थानीय तहसम्म फैलिएको छ। जुन महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लिखित बेरुजुको चाङबाट पुष्टि हुन्छ।

हाम्रोमा विकास निर्माणका काम समयमा नसकिने प्रवृत्ति उस्तै छ। दुई वर्षमा सम्पन्न हुनुपर्ने काम वर्षौंसम्म अलपत्र परिरहन्छ। जसले गर्दा सेवाग्राहीले दुःख पाउनुका साथै समय र लागत बढी लाग्दा यसले राज्यको समग्र अर्थतन्त्रलाई प्रभावित गर्दछ। जस्तो बुटवल-नारायणगढ सडक समयमा नसकिँदा ठेक्काको लागतमात्र बढेको छैन यात्रु र सवारीचालकले वर्षौंदेखि दुःख कष्ट भोगेका छन्। यात्रामा धेरै समय लाग्दा इन्धनलगायतको खर्च बढी लागेको छ। सडक खाल्डाखुल्डीले खराब हुँदा गाडीको पार्टपुर्जा बिग्रँदा यातायात व्यवसायी पनि थप आर्थिक बोझमा परेका छन्। यो त एउटा उदाहरणमात्र हो।

असार महिना झरीको महिना, धान रोप्ने महिना हो। तर बजेट सक्न पानीमै सडक कालोपत्रे, पर्खाल निर्माण, ढलान, कुलो नालीलगायतका विकास निर्माणका काम भइरहेका छन्। अर्थात् यो वर्षामा विकासका नाममा मनपरि बजेट खर्च भइरहेको छ। असार महिनामा हुने यस्तो विकास निर्माणको काम टिकाउ हुँदैन, बरु यस्तो कार्यले अनियमितता बढाउँछ। सरकारी बजेटको दुरूपयोग हुन्छ, भ्रष्टाचारलाई बढावा दिन्छ।

यो समयमा गरिएको काम टिकाउ हुँदैन, सबैलाई जगजाहेर नै छ। तर यो कुरा कसैले सुन्दैन। कतिपय जनतालाई त असारकै महिनामा काम गर्ने परिपाटी मन नपरेको मात्र होइन आफ्नो वडामा सबैभन्दा ठूलो समस्या खानेपानीको छ तर सडक, नालीको काम भएको गुनासो पोखिरहेका छन्। जनतासँग छलफल नगरी राजनीतिक प्रतिशोध र आफ्नै बलबुता जबरजस्तीका आधारमा कनिका छरेजस्तो बजेट छर्ने प्रवृत्ति जताततै गाँजिएर रहेको छ। हाम्रो एक आर्थिक वर्ष साउनदेखि सुरु भई असार मसान्तसम्म हुनु, आयोजनाको बजेटहरू अन्तिममा निकासा हुनु, एकैपटक अन्तिममा काम हुने परिपाटीले कामदारहरू नपाइनु, एउटै ठेकेदारले धेरै कामको जिम्मा लिनुले पनि काम समयमा नसकिने तथा गुणस्तरीय नहुने समस्या छ।

आर्थिक वर्षको ११ महिना कानमा तेल हालेर बस्ने हाम्रा सरकारी विकासे अड्डा अहिले रातमा पनि काममा तल्लीन देखिएको छ। कतिपय विकासे अड्डामा बिल भर्पाइ मिलाउन भ्याइनभ्याइ छ। जहाँ हुने काम पनि अलिअलि भएको देखिन्छ, नहुने काम पनि भइराखेको छ। नीतिगत बेथिति बढेको छ। तर सरोकारवाला निकाय 'तैं चुप मै चुप' को अवस्थामा देखिएका छन्। असार महिनामा मात्रै विनियोजित बजेटको झण्डै ४० प्रतिशत रकम खर्च हुने विगतको तथ्यांकले देखाउँछ।

यथार्थ कुरा गर्दा मुलुकमा तीन तहको सरकार छ। हाम्रा जनप्रतिनिधिहरूले पञ्चायतकालीन संस्कारमा काम गर्न छाडेका छैनन्। जसका कारण विकास, समृद्धि र राहत पाउने आशामा रहेका जनताले 'पुराना राजा गए, नयाँ राजा महाराजा आए' भन्न थालेका छन्। बिल्कुल नयाँ अनाडी र आफन्तलाई ठेक्कापट्टा दिएर बजेट सक्ने काम कतिपय ठाउँमा भएकै छन्। अनुदानका रकमको त झन कुरै नगरौं। नेता, कर्मचारी र आफन्त वरिपरि नै घुमेको छ। अरुका गोठ, गाईभैंसी, कृषि कार्य देखाएर पनि बजेट बाँडीचुडी लिएको विगतको उदाहरण देख्न/सुन्न पाइन्छ। बजेट वितरण ७७ जिल्लामध्ये पाँच जिल्लाले मात्र प्राथमिकता पायो भनेर सांसदले सदनको छलफलमा चर्को स्वरमा आवाज नै उठाएको सबैलाई थाहै छ।


असार महिनामा जथाभावी विकास निर्माणका काम भएका छन्। तर काममा गुणस्तरीयता नभएका कारण टिकाउ देखिँदैन। कतिपय ठाउँमा त कालोपत्रेको काम साता, महिनामै उप्किएका उदाहरण छन्। ठेकेदारहरू दुई/तीनजना कामदार देखाएर करोडौंको काम भइरहेको भनी बिल भर्पाइ मिलाउन/भुक्तानी लिनमै व्यस्त देखिन्छन्। तसर्थ यस्तो विकासले मुलुकमा समृद्धि हासिल हुन सक्दैन र लक्षित वर्ग लाभान्वित हुँदैनन्। फगत नेता ठेकेदार र बिचौलिया मोटाउँछन् भन्नु किमार्थ दुईमत नहोला।

साँच्चै विकास निर्माण स्तरीय तरिकाले मजबुत बनाउने हो भने असारमा काम गर्ने परिपाटी बन्द नै गर्नुपर्छ। असारदेखि भदौसम्म नीति निर्माण, योजना तर्जुमा गरी बजेट निकासा गर्ने र असोजबाट जेठ मसान्तसम्म काम गर्ने नयाँ परिपाटीको सुरुआत गर्न जरुरी छ। यसो गर्न सके वर्षामा गरेका विकास निर्माणभन्दा निकै मजबुत हुन्छ र जसको फल जनताले पनि पाउने छन्। जेठ, असारको महिना सरकारी विकासे अड्डालाई बजेट सक्ने चटारो नै हुन्छ। यो दुई महिनामा हाम्रो मुलुकमा विकास निर्माणका करिब ५० प्रतिशतको हाराहारीमा काम सम्पन्न हुन्छ। यो महिनामा सडक, पुल, पुलेसाको काम बढी हुने गर्दछ। जुन समयमा भएको विकास निर्माणमा खर्चिएको बजेट साँच्चै बालुवामा पानी खन्याएसरह हुन्छ भन्दा फरक पर्दैन।

यो असारको महिनामा एनजिओ, आइएनजिओ, वडा, टोलमा उपभोक्ता समितिमार्फत पनि बजेट सक्न निकै व्यस्त देखिन्छन्। अनि सरकारी तालिम, गोष्ठी, अन्तर्क्रिया पनि प्रदेशदेखि पालिकामा यही समयमा भएका छन्। जुन भएका छन् ती कामले पनि लक्षित वर्गलाई खासै फाइदा पुग्दैन। कतिपय एकै प्रकारका तालिम, गोष्ठी विभिन्न संघसंस्थाले गरेका पाइन्छ। कतिपय काम आफन्त र आसेपासेको मन राख्न गरिएको हुन्छ। अनि कामको अनुगमन हुन नसक्नु र गलत काम गरिरहेकालाई दण्ड जरिवाना हुन नसक्नाले पनि साँच्चै बजेटको दुरूपयोग भइरहेको छ।

हामीले विकास निर्माणलाई प्रभावकारी बनाउने हो भने अब आर्थिक वर्षलाई परिवर्तन गरी वि.सं.को नयाँ वर्षअनुसार नै गराउन जरुरी छ। अर्थात् आर्थिक वर्षलाई वैशाखदेखि चैत मसान्तसम्म परिवर्तन गर्न जरुरी छ। अनि हाम्रा राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधिले पनि पदीय जिम्मेवारी बहन गरेर काममा ध्यान दिन आवश्यक छ। यस्तो नगरिए हाम्रो बजेट र यो असार महिनाको विकास निर्माणको काम सधैं बालुवामा पानी सावित भइरहने छ। यसलाई रोक्न सरकार निस्प्रभावी देखिन्छ। जनप्रतिनिधिहरूको उदासीनता झन् उदेकलाग्दो देखिएको छ।

# व्यवस्था ठीक छ, अब नेताहरूको आचरण ठीक हुनुपर्‍यो



■ डा. शशांक कोइराला

प्रजातन्त्रमा सन्तुलन हुनुपर्छ। एउटा सत्ता पक्षीय पार्टी हुन्छ, अर्को प्रतिपक्ष। प्रतिपक्षी पार्टीले सतर्क गर्ने काम गर्छ। सत्ता पक्षीय पार्टीले प्रतिपक्षलाई प्रश्न गर्ने ठाउँ दिनुपर्छ। अहिले शक्तिशाली सरकार छ। हामीलाई एउटा डर छ, कि शक्तिशाली सरकार धेरै नै शक्तिशाली भयो भने विरोधको मतलब गर्दैन। प्रतिपक्षी पार्टीको प्रश्नलाई बेवास्ता गर्छ। त्यसैले सरकार सन्तुलित हिसाबले जानुपर्छ। प्रतिपक्षको पनि कुरा सुन्नुपर्छ। जायज माग पूरा गर्नुपर्छ। प्रतिपक्षलाई दबाउने, बोल्न नदिने, कुरा नसुन्ने गर्न हुँदैन। लोकतन्त्रका लागि यो राम्रो कुरा होइन। किनभने सरकारले प्रतिपक्षसँग समन्वय गर्नुपर्छ। कुनै पनि विषयमा निर्णय गर्दा प्रतिपक्षको पनि भावना अंकित हुनुपर्छ।

हामीले राष्ट्रलाई विकेन्द्रीकरण गरेका छौं। सात प्रदेश बनाएका छौं। तर, शासन अहिले पनि केन्द्रीकृत नै छ। व्यवहारिकरूपमा विकेन्द्रीकरण गरेनौं। प्रदेशलाई के चाहिन्छ भन्ने कुरा प्रदेशले नै निर्णय गर्न पाउनुपर्छ। संघले त्यसमा हस्तक्षेप गर्नु भएन। प्रदेशको संरचना हेरेर के गर्दा उपयुक्त हुन्छ, त्यो अनुसार उसले नै आफ्नो योजना बनाउँछ। तर, यहाँ संघबाट प्रदेशमाथि हस्तक्षेप गरिएको छ। यो राम्रो होइन।

कि त हामी संघीयतामा जान हुन्थेन। पहिलो कुरा, संघीयतामा आर्थिक भार पर्‍यो भन्ने गरिएको छ। आर्थिक भार हामी आफैंले गराएका छौं। विकेन्द्रीकृत गरेपछि उनीहरूलाई खर्च पनि दिनुपर्छ। सबै केन्द्रले गर्ने होइन। प्रदेशलाई थाहा छ, कहाँ-कहाँ खर्च गर्नुपर्छ। त्यो अधिकार पनि प्रदेशलाई नै दिनुपर्छ। दोस्रो कुरा, समानुपातिक प्रतिनिधित्व राम्रो हो। तर त्यो प्रतिनिधिसभामा होइन, राष्ट्रिय सभामा हुनपर्ने हो। प्रतिनिधिसभामा निर्वाचित प्रतिनिधिमात्रै बस्नुपर्छ। मेरो दृष्टिकोणमा यो गलत भएको छ। तेस्रो कुरा, इन्टरनेसनल अफियर्स बिपी कोइरालाले सुरु गरेको हो। उहाँले भारत र चीनसँग समदुरी राख्नुपर्छ भन्नुभएको थियो। यद्यपि, भौगोलिक दृष्टिकोणले निकटता भारतसँग छ। तर सन्तुलित सम्बन्ध राख्नुपर्छ।

हरेक १० वर्षमा संविधानको रिभ्यु हुनुपर्छ। तर, कुन विषयमा संशोधन गर्ने हो, त्यो विषयमा छलफल हुनुपर्‍यो। किन संशोधन गर्ने भन्ने विषयको आधार तय गर्नुपर्छ। केका लागि र किन परिवर्तन गर्ने ? कसैको मनमा लाग्यो अनि परिवर्तन गर्ने भन्ने हुँदैन। सन् १७८५ मा अमेरिकामा ५५ जनाले चार महिनामा लेखेको संविधान हो। आजसम्म त्यही संविधान छ। सन् १९८५ तिर एक चोटिमात्रै संशोधन भएको छ। सुरुमा केही संशोधन गरियो, तर झण्डै २०० वर्षदेखि त्यही संविधान लागू भएको छ। सन् १९८४ मा पारिश्रमिक वृद्धि गर्नुपर्छ भनेर संशोधन गरियो। त्यसपछि संशोधन भएको छैन। ती ५५ जना दूरदृष्टि भएका मानिस थिए। हामीले पनि त्यसरी काम गर्नुपर्‍यो। त्यसकारण हामी संशोधनभन्दा कार्यान्वयनमा जानुपर्‍यो। कार्यान्वयन भएकै छैन। अनि अहिले नै संशोधन गरिहाल्ने कुरा हुँदैन। विकेन्द्रीकरणलाई साँच्चिकै विकेन्द्रीकरण गरौं।

संविधानमा भएको दुई/तीन वटा कुरामात्रै परिवर्तन हुँदैन। त्यो भनेको अन्तर्राष्ट्रिय नीति, सेना, मुद्रा र राष्ट्रिय झण्डामा परिवर्तन हुँदैन। यदि अरु विषयमा संशोधनको आवश्यकता हो भने छलफल हुनुपर्‍यो। संघले मुठी कस्ने होइन। लौ गर भनेर सातवटै प्रदेशलाई काम गर्ने वातावरण बनाउनुपर्छ।

सबैभन्दा पहिला मानिसलाई विवेकशील बनाउनुपर्छ। मेरो एक जना दाइ जापान जानुभएको थियो। उहाँले आफ्नो ब्याग जापानको एउटा कुनै सहरमा छोड्नुभयो। तर, एक हप्तापछि जाँदा पनि त्यो ब्याग जहाँ छोडेको हो, त्यही ठाउँमा थियो। त्यहाँका मानिस विवेकशील छन्। उनीहरू यो मेरो ब्याग होइन भन्ने कुरामा सचेत छन्। हामीले त्यो किसिमको समाज निर्माण गर्नुपर्‍यो। यो कुरा शिक्षासँग पनि सम्बन्धित छ। हामीले कस्तो किसिमको शिक्षा दिइरहेका छौं। डाक्टर, इन्जिनियर, पाइलट र वकिलमात्रै बनाएर हुँदैन। उनीहरूलाई विवेकशील पनि बनाउनुपर्छ। डाक्टरले बिरामीलाई पूर्णरूपमा निको पारेको दिन सन्तुष्ट हुनुपर्छ। मैले एक लाख जनाको आँखाको अप्रेसन गरेँ। मेरो सन्तुष्टि भनेको मेरो बिरामीले आँखा देखेको दिन हुन्छ। मेरा लागि पैसाभन्दा पनि बिरामी निको हुनु सन्तुष्टि हो। हामी पैसाकोमात्रै कुरा गर्ने हो भने नैतिक रूपमा पतन हुन्छौं। मानिस भ्रष्ट भएर जान्छ। अहिले भ्रष्टाचारको विषय पनि आइरहेको छ। भ्रष्टाचार नैतिक पतन हो। भ्रष्टाचार विवेक नभएको मानिसलेमात्रै गर्छ। त्यसकारण सुशासनका लागि मानिसमा विवेक हुनुपर्छ। यही मानिसमा नैतिकता र विवेक हुने हो भने सुशासन यतिकै कायम हुन्छ।

राजालाई बिपीले धेरै मान्नुहुन्थ्यो। आठ वर्ष जेल बस्नुभयो। त्यही पनि राजालाई मान्नुभयो। गिरिजाप्रसाद कोइरालाले पनि राजा मान्नुभयो। उहाँले बेबी किङको कुरा पनि ल्याउनुभयो। पछि तत्कालीन राजा ज्ञानेन्द्र शाहले सबै हडपिसकेपछि राजाको ठाउँ रहेन। यस्तो अवस्थामा राजा कसरी ल्याउने ? कि त राजपरिवारभन्दा बाहिरबाट ल्याउनुपर्‍यो। त्यो पनि सम्भव छैन। राजा नै ठीक छैन भने हामीलाई किन राजा चाहियो ? यो सम्भव छैन।

देशमा अहिले हामीले आत्मसात् गरेको शासन व्यवस्था नराम्रो होइन। मेरो विचारमा कार्यान्वयन तहमा रहेका व्यक्ति ठीक भएनन्। कुनै पनि व्यवस्था आफैंमा बेठीक हुँदैन। व्यवस्थामाथि शासन गर्ने व्यक्तिले व्यवस्थालाई असफल बनाउने हो। प्रणाली (सिस्टम) मा त्रुटि छैन। नेपालका लागि संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था नै उत्तम हो। आजसम्म योभन्दा उत्तम अर्को व्यवस्था हुनै सक्दैन। त्यसकारण हामीले व्यवस्थालाई प्रश्न गर्ने होइन। गलत ढंगले व्यवस्था सञ्चालन गर्ने व्यक्तिलाई प्रश्न गरौं।

*(नेपाली कांग्रेसका पूर्वमहामन्त्री एवं प्रतिनिधिसभा सदस्य डा. कोइरालासँग राससले गरेको कुराकानीमा आधारित)*



**सडकमा रोपाइँ**

**अछामको सदरमुकाम मंगलसेन बजारको मुख्य सडकमा स्थानीयले रोपाइँ गर्दै । सडक मर्मतमा ध्यान नदिँदा वर्षायाममा कष्टकर यात्रा गर्नुपरेको असन्तुष्टि जनाउँदै स्थानीयले हिलाम्मे सडकमा धान रोपाइँ गरेका हुन् ।**

*तस्बिरः सुशील भण्डारी/रासस*

# कैलालीमा मानव–वन्यजन्तु द्वन्द्व रोक्न 'मेस वायर' लगाइयो



**घोडाघोडी (कैलाली)–** कैलालीमा वर्षौंदेखि चुनौतीका रूपमा रहेको मानव-वन्यजन्तु द्वन्द्वलाई कम गर्न 'मेस वायर' लगाइएको छ । जिल्लाको पहलमानपुर डिभिजन वन कार्यालयअन्तर्गत पर्ने संवेदनशील कर्णाली जैविकमार्गका सामुदायिक वनमा तारजाली लगाइएको हो ।

वन तथा वातावरण मन्त्रालयद्वारा सञ्चालित एकीकृत भू-परिधि आयोजनाअन्तर्गत जानकी गाउँपालिका-६ मा रहेको कैलाशेश्वर सामुदायिक वनमा एक हजार ६५० मिटर, कर्णाली कोरिडोर सामुदायिक वनमा एक हजार मिटर र टीकापुर नगरपालिका-२ स्थित रानी कर्णाली सामुदायिक वनमा एक हजार १०० मिटर लामो तारबार निर्माण गरिएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजनल वन अधिकृत रामचन्द्र कँडेलले जानकारी दिए ।

उनका अनुसार सामुदायिक वन र मानव बस्तीको सिमानामा पिसिसी (सिमेन्ट, कंक्रिट) को जगसहितको बलियो मेसवायर तारबार निर्माण गरिएको छ । यस कार्यले वन्यजन्तुलाई बस्ती पस्नबाट रोक्ने र स्थानीय बासिन्दाको बालीनाली, घरपालुवा पशु तथा मानवीय क्षतिसमेत न्यूनीकरण हुने विश्वास लिइएको छ । कँडेल भन्छन्, 'टीकापुर नगरपालिका, जानकी गाउँपालिका र लम्कीचुहा नगरपालिका कर्णाली जैविक मार्गका महत्त्वपूर्ण हिस्सा हुन्, जुन बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएको छ ।'

उनका अनुसार निकुञ्जबाट पाटेबाघ, हात्ती, चितुवालगायतका ठूला र संरक्षित वन्यजन्तु आहारा र बासस्थानको खोजीमा यता आउने क्रम निरन्तर चलिरहन्छ । उनले भने, 'त्यसैले यो क्षेत्र द्वन्द्वको उच्च जोखिममा छ, यो तारबारले ठूला जनावरलाई मात्र नभई चित्तल, बँदेल, नीलगाईजस्ता साना जनावरले किसानको बालीनालीमा पुऱ्याउने क्षतिलाई पनि रोक्न प्रभावकारी हुने छ ।'

लामो समयदेखि यस क्षेत्रका बासिन्दा जंगली जनावरको मानव बस्तीमा प्रवेशका कारण पीडित थिए । कर्णाली जैविकमार्ग बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएको हुँदा यो क्षेत्र बाघ, चितुवा, हात्ती, बँदेल, नीलगाई, चित्तलजस्ता वन्यजन्तुको प्रमुख ओहोरदोहोर गर्ने बाटो हो । यी जनावर मध्यरातमा बस्ती पसेर किसानले दुःख गरेर लगाएको धान, गहुँ, मकैजस्ता बालीनाली सखाप पार्ने, गोठमा बाँधिएका बाख्रा, बंगुर तथा अन्य घरपालुवा पशुपन्छी मारेर खाने गर्थे । कहिलेकाहीँ मानिसमाथि नै आक्रमणका घटना भएका थिए, जसले गर्दा स्थानीय त्रासमा बाँच्न बाध्य थिए ।

तारबार निर्माणपछि भने स्थानीयमा ठूलो राहत मिलेको कैलाशेश्वर सामुदायिक वनका अध्यक्ष टेकबहादुर शाहीले बताए । उनले भने, 'पहिले हामी रातभर जाग्राम बसेर बाली कुर्न बाध्य थियौं, जंगली जनावरले कतिबेला आएर क्षति पुऱ्याउने हो भन्ने डर सधैं रहन्थ्यो, अब यो बलियो तारबारले वन्यजन्तुलाई वन क्षेत्रमै सीमित राख्न मद्दत गर्ने छ । 'यसले हाम्रो बालीनाली र पशुधनको सुरक्षामात्र होइन, मानव-वन्यजन्तुबीचको अप्रिय घटनालाई पनि न्यूनीकरण गर्नेछ,' उनले भने ।

सबडिभिजन वन कार्यालय, टीकापुरका वरिष्ठ वन अधिकृत दिलीप यादवले यो तारबार मानव-वन्यजन्तु सहअस्तित्व कायम गर्ने दिशामा एक महत्त्वपूर्ण कार्य भएको बताए । उनका अनुसार विगतमा वन र बस्तीबीच कुनै भौतिक अवरोध नहुँदा वन्यजन्तु तथा मानिसको जम्काभेट हुने सम्भावना उच्च थियो, जसले द्वन्द्व निम्त्याउँथ्यो । पिसिसीसहितको मेसवायर फेन्सिङले दुवै पक्षलाई आ-आफ्नो क्षेत्रमा सुरक्षित राख्छ । यसले एकातिर वन्यजन्तु आफ्नो प्राकृतिक बासस्थानमा निर्धक्क घुमफिर गर्न पाउँछन् भने अर्कोतिर स्थानीय समुदायको जीविकोपार्जन सुरक्षित हुन्छ ।

एकीकृत भू-परिधि व्यवस्थापन आयोजना कार्यान्वयन एकाइमा फिल्ड व्यवस्थापक प्रकाश थापाले आयोजनाको मूल उद्देश्य नै महत्त्वपूर्ण जैविकमार्गको संरक्षण गर्दै मानव र प्रकृतिको सम्बन्धलाई सुमधुर बनाउनु रहेको बताए । 'हामीले कैलाली र बर्दियालाई जोड्ने कर्णाली जैविक मार्गलाई एउटा सिंगो भू-परिधिका रूपमा हेरेका छौं,' थापाले भने, 'यो केवल तारबार निर्माणमा मात्र सीमित छैन खण्डित भएका वन क्षेत्रलाई जोड्न वृक्षरोपण र प्राकृतिक पुनः उत्पादनलाई सहयोग गर्ने (जैविक मार्ग पुनः स्थापना) पनि गरेका छौं ।'

थापाका अनुसार परियोजनाले स्थानीय समुदायलाई वनमाथिको निर्भरता घटाउन व्यवस्थित पशुगोठ निर्माण, बेमौसमी तरकारीखेती र गैरकाष्ठ वन पैदावारमा आधारित उद्यमजस्ता वैकल्पिक आयआर्जनका कार्यक्रम सञ्चालन गरेको छ । 'सामुदायिक वन उपभोक्ता समूहको क्षमता अभिवृद्धि, वन्यजन्तु उद्धारसम्बन्धी तालिम र जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि स्थानीयस्तरमा सचेतना फैलाउनेजस्ता क्रियाकलाप पनि सँगसँगै अगाडि बढाइरहेका छौं,' थापाले भने । *रासस*

# बाढीको जोखिमले राजमार्ग छेउ बस्न बाध्य वनहराका भूमिहीन परिवार

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका-११ वनहरा नदी तटीय क्षेत्रमा झोपडी बनाएर बस्दै आएका भूमिहीन परिवार सुरक्षित स्थानमा सर्ने तयारीमा जुटेका छन् । कोही झोपडी बनाउन व्यस्त छन् भने कोही झोपडीमा च्यातिएका त्रिपाल र कपडा राख्नमा व्यस्त छन् ।

बस्दै आएको ठाउँमा बाढी पस्न सक्ने जोखिमलाई मध्यनजर गर्दै भूमिहीन परिवार पूर्वपश्चिम राजमार्ग छेउमा सर्न थालेका हुन् । लगातार दुई दिनदेखि अविरल वर्षा भइरहेकाले नदीमा पानीको बहाव बढन थालेपछि जीउज्यान जोगाउनका लागि सुरक्षित स्थानमा सर्नुपरेको कलावती दमाईले बताइन् ।



'गत वर्ष रातिका बेला सुत्ने तरखर गरिरहेका बेला बाढीले शिविर डुबाउँदा एकसरो लुगामा भागेर ज्याउन जोगाएका थियौं,' उनले भनिन्, 'यो वर्ष पनि त्यो पीडा खेप्नु नपरोस् भनेर निरन्तरको वर्षा भइरहेकाले नदीमा बाढी आउने सम्भावना बढेपछि बाढी आउनुआगावै ओढ्ने, ओछ्याउने कपडासहित बालबालिकालाई सुरक्षित स्थानमा सार्नुपरेको छ ।'

केही भूमिहीन परिवारले दातृ निकायले उपलब्ध गराएका त्रिपाल, केहीले पुराना च्यातिएका प्लास्टिक र कपडाले ढाकेर झोपडी बनाएका छन् । जति पानी बाहिर पर्छ, त्यति नै पानीभित्र चुहिने भएकाले बालबालिकालाई काखीमा च्याप्दै भिज्दै रात काट्नुपरेको दलबहादुर बोहराले बताए । 'वर्षा नभएका बेला नदीमाथिको पक्की पुलमुनि सुत्ने गरेका छौं,' उनले भने, 'वर्षा भएपछि पुलमुनि बाढीको पानी आउने भएकाले चुहिने झोपडीमा गएर बस्नुपर्ने बाध्यता छ ।'

पहिला नदीमा बाढी आउन थालेपछि सामुदायिक वन क्षेत्रको उँचो क्षेत्रमा गएर रुखमुनि ओत लाग्ने गरेको प्रकाश साउदले बताए । 'वन क्षेत्रमा लामखुट्टेले टोकेर हैरान बनाउँथ्यो,' उनले भने, 'बर्खे झरीमा भिजेरै भए पनि ज्यान जोगाउने गरेका थियौं, खाद्यान्नलगायत सामान बोकेर लैजान नसकिँदा नोक्सानी हुन्थ्यो, त्यही भएर राजमार्ग छेउमा झोपडी बनाएर बस्न थालेका हौं ।'

भूमिहीन परिवारले मजदुरी गरेर जीविका चलाउँदै आएका छन् । वर्षात्को समय भएकाले मजदुरी नपाइँदा भोकभोकै बस्नुपरेको गुनासो माघी रावतले सुनाए । झुल, त्रिपाल र टर्च लाइटको व्यवस्था गरिदिनका लागि भन्दै वडा कार्यालयदेखि नगरपालिका कार्यालयसम्म पटक-पटक धाए पनि सुनुवाइ हुन नसकेको भूमिहीन परिवार बताउँछन् । 'सुरुमा जाँदा जनप्रतिनिधिले समस्या समाधान गर्छौं भन्थे, अहिले जाँदा झर्केर बोल्न थालेपछि माग्नका लागि जानै छाडेका छौं,' भूमिहीन परिवारले भने ।

शिविरमा बस्दै आएका परिवारले भूमि समस्या समाधान आयोगको लगतमा जग्गा र आवासका लागि निवेदन दिएका छन् । निस्सा प्राप्त गरे पनि अहिलेसम्म बसोवासको टुंगो भने लाग्न सकेको छैन । वनहरा भूमिहीन शिविरमा २८ परिवारको बसोबास छ । भूमिहीन परिवारले झोपडीमा राख्नका लागि त्रिपाल, वर्षात्का बेला काम नपाइँदा दुई छाक खानका लागि अन्नको व्यवस्था र रातिका बेला हिँडडुल गर्न टर्चलाइटको व्यवस्था गरिदिनका लागि दातृ निकायसँग अनुरोध गरेका छन् । *रासस*

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/१२/२५ मा दर्ता भएको **प्रा.लि.नं. २६१५८४** को श्री **ओमकारा इन्भेष्टमेन्ट एण्ड ट्रेडिङ प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७८/०६/१० मा दर्ता भएको **आरती काबेली खोला कृषि फार्म प्राइभेट लिमिटेड** (प्रा.लि.नं. २७३२१८) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०८/०२ मा दर्ता भएको **प्रा.लि.नं. २७७२४५** को **कर्णाली कृषि तथा पशुपंक्षी फार्म प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/१८**

**इको हिलिङ इन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ मल्टिप्रपोज** को मिति २०८२/०३/०३ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मेच माइन्ड इन्जिनियरिङ कन्सल्टेन्सी (दर्ता नं.: २८१९४१)** कायम गर्ने गरी मिति २०८२/०३/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# झोलुंगे पुलले छोटियो यात्रा

**गुल्मी (प्रस)–** वर्षौंदेखि खोलामा पुल नहुँदा स्थानीयले पाँच मिनेटको दूरीमा पुग्न पनि घण्टौं समय खर्चिनु पर्दथ्यो । वारिपारि गर्नु परेमा वर्षाको समयमा जोखिम मोलेर खोला तर्नुपर्थ्यो । तर, अहिले भने पाँच मिनेटको दूरीमा सहजैसँग स्थानीय वारिपारि गर्दै आएका छन् ।

दुई वडाका गाउँ जोड्नका लागि पुलले निकै सहज बनाएको छ । रुरुक्षेत्र गाउँपालिका-१ र २ अन्तर्गत थोर्गा तथा ग्वादीको बीचमा झोलुंगे पुल निर्माण भएसँगै स्थानीय यतिबेला खुसी बनेका छन् । पुल बनेपछि वारिपारि गर्न र अर्मपर्म गर्न, बिहे भतेर र आपत्‌विपद्‌मा गाउँलेलाई एकापसमा सहयोग गर्न सजिलो बनाएको छ ।

लुम्बिनी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत एक करोड ८६ लाख रूपैयाँको लागतमा रुरुक्षेत्रमा उक्त पुल निर्माण गरिएको हो । झोलुंगे पुलले पालिकाको वडा नं १ को गोलपोखरी र वडा नं २ को चौर फाँटलाई जोडेको छ । झोलुंगे पुलले दुई गाउँलाई नजिक बनाउनाका साथै किसानलाई उत्पादित कृषिजन्य सामग्री बजारसम्म पुऱ्याउन थप सहज भएको गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले बताए ।

**श्री गौरी शंकर कृषि सहकारी संस्था लि.**
**फिदिम-१, पाँचथर**
**धितो जग्गा लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना**
*सूचना प्रकाशित मितिः २०८२/०३/१८ गते*

यस गौरी शंकर कृषि सहकारी संस्था लि. बाट तपाईंले कर्जा लिई पटक पटक लिखित एवम् मौखिक रूपमा ताकेता गर्नुका साथै विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा विभिन्न मितिमा ३५ दिने कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता गर्न नआएकोले कर्जाको सुरक्षण वापत संस्थाको नाममा लेखिदिएको निम्न अचल सम्पत्ति डाक बढाबढबाट लिलाम बिक्री गरी संस्थाको तपशिलमा उल्लेखित ऋण रकम साँवा, व्याज र हर्जनामा नघट्ने गरी लिलाम वढाबढ गरिने हुँदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । ऋणीले संस्थाबाट कर्जा लिंदा कर्जा सुरक्षण वापत संस्थामा धितो रहेको अचल सम्पत्ति जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिन इच्छुक महानुभावहरूबाट यो सूचना **प्रभाव राष्ट्रिय दैनिक** पत्रिकामा प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र संस्थाको कार्यालय फिदिम-१, लखनमार्गमा कार्यालय समयभित्र आइपुग्ने गरी डाक बढाबढ फारम भरी सिलबन्दि गरिपेश गर्नु हुन सुचित गरिन्छ । उक्त डाक बढाबढ फारम मध्येबाट यो सूचना प्रकाशित भएको मितिले ३६औं दिनमा सो दिन बिदा परे सोको भोलिपल्ट कार्यालय खुलेको दिन संस्थाको कार्यालय फिदिम-१ लेखनमार्गमा दिनको ११:०० बजे लिलाम बढाबढ गरिने हुँदा बोलपत्रदाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सुचित गरिन्छ । डाक लिलाम फारम संस्थाको कार्यलयबाट रु १००।- बुझाई खरिद गर्न सकिने छ । डाक लिलाम सम्बन्धी अन्य शर्त तथा नियमहरू संस्थाबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिने छ । परेका बोलपत्रहरू स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

| ऋणीको विवरण | धितो विवरण | संस्थाले असुल गर्नपर्ने रकम |
|---|---|---|
| **ऋणी** : टिकेन्द्र ओझा<br>**बाबु** : डाक प्रसाद ओझा<br>**बाजे** : लक्ष्मी प्रसाद ओझा | पाँचथर जिल्ला फिदिम न.पा. वडा नं २, कित्ता नं.२ 'क' ५५९, क्षेत्रफल १-०-२-१ | २०८२ जेष्ठ मसान्तसम्म रु. ५१,००,०००।- (एकाउन्न लाख रूपैया मात्र) |

**शर्तहरू**

१. डाक लिलाम बढाबढ गर्ने दिन ऋणी वा ऋणीका प्रतिनिधि उपस्थित हुन यसै सुचनाबाट जानकारी गराइन्छ ।
२. धितो लिलाम बिक्रीबाट संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी, धन जमानी र ऋणीका एक घरका परिवारको अन्य जायजेथा समेतबाट असुल उपर गरिनेछ ।
३. धितोको विस्तृत विवरण संस्थाको सुचना पाटीमा टाँस गरिएको छ ।
४. धितो लिलाम बिक्री सम्बन्धी बोलपत्रका अन्य शर्त वा धितो लिलाम बिक्री गरिने सम्पत्तिको अन्य आवश्यक कागजपत्रहरू हेर्न चाहनुहुने महानुभावहरूले कार्यालय समय भित्र संस्थामा आई हेर्न सक्नुहुनेछ ।
५. लिलाम डाक बढाबढ हुँदा सबै भन्दा बढी डाक बोल्नेको स्वीकार गरिने एवम् सो अङ्कको १० प्रतिशतले हुन आउने रकम सोही दिनमा जम्मा गर्नुपर्ने र बाँकी रकम संस्थाले तोकेको समयभित्र जम्मा गरी सक्नु पर्नेछ ।
६. उल्लेखित शर्तहरूमा नपरेको विषयहरूका सन्दर्भमा नेपालको प्रचलित कानुन अनुसार हुनेछ ।

**गौरी शंकर कृषि सहकारी संस्था लि.**
**फिदिम-१, लखनमार्ग, पाँचथर**
**सम्पर्क नं.०२४-५२३०२८, ९८४२६८१७५९, ९८४०९९९९९८**

**Janakpurdham Sub-Metropolitan City**
**Office of the Municipal Executive**
**Janakpurdham, Dhanusha**
**Madhesh Province, Nepal**

**शहरी पूर्वाधारको सुधार तथा जोखिम न्यूनीकरणका उपायहरू सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०८२/०३/१८)

सामरिक महत्वका सडक (मूल सडक) संग जोडिएर निर्माण हुने प्रादेशिक, स्थानीय सडक (शाखा सडक) को कारण दुर्घटनाको जोखिम बढेको र उक्त शाखा सडकहरूको अव्यवस्थाको कारण मूल सडकको मर्मत सम्भारको लागत समेत बढेकोले, शाखा सडकको कारण मूल-सडकमा सिर्जना हुन् सक्ने जोखिम न्यूनीकरणको लागि ROADSIDE SLOPE MANAGEMENT अन्तर्गत निम्न अनुसारको उपायहरु अबिलंबन गर्न जरूरी देखिएकोले सूचना प्रकाशन गरिएको छ ।

**१.** मूल-सडक र शाखा सडकको JUNCTION मा RCC COVERED DRAIN निर्माण गर्न उपयुक्त हुने । **२.** शाखा सडकबाट COLLECT हुने DRAIN WATER (ढल) को आवश्यक व्यवस्थापन गर्नु पर्ने । **३.** मूल-सडक र शाखा सडकको JUNCTION मा टेवा पर्खाल आवश्यक भए, सो को निर्माण गर्न उपयुक्त हुने । **४.** PAVED मूल-सडकको हकमा, जोडिएका शाखा सडकको न्यूनतम् ५० मि. सम्म PAVING गर्न उपयुक्त हुने । **५.** शाखा सडकको DISPOSED SOIL, मूल सडकमा DEBRIES को रूपमा आउन सक्ने जोखिम भएको भए, UP–HILL मा GABION CATCH निर्माण गर्न उपयुक्त हुने । **६.** जोखिम न्यूनीकरणको कार्य गर्दा PLANNING STAGE मा स्थानीय/स्थानीय निकाय सँग समन्वय गर्नु पर्ने । **७.** JUNCTION मा अनिवार्य JUNCTION को TRAFFIC SIGN POST राख्न हुनुपर्ने । **८.** सार्वजनिक सडक ऐन २०३१ को दफा १९.१ को प्राबधान अनुसार, नयाँ शाखा सडक निर्माण को लागि स्वीकृत लिनु पर्ने प्रबधानको पालन गर्नुपर्ने । **९.** नयाँ शाखा सडक निर्माणको सकभर प्रथम १०० मि. सम्म ४-५% ग्रेड कायम गराउन उपयुक्त हुनेछ ।

**जनकपुरधामको समृद्धि र दिगो विकासतर्फ एक ठोस कदम**

जनकपुरधाम, धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाले भरिपूर्ण हाम्रो गौरवशाली शहर, अब एकीकृत शहरी विकास योजनामार्फत नयाँ युगमा प्रवेश गर्दैछ । एकीकृत शहरी विकास आयोजना अन्तर्गत निम्न क्षेत्रहरूमा प्राथमिकता दिइएको छ : • सहरी पूर्वाधारको सुधार (सडक, ढल, बिजुली र पानी आपूर्ति) । • हरित क्षेत्र तथा पार्कहरूको संरक्षण र विस्तार । • स्मार्ट सहर प्रविधिको प्रयोग । • सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन । • जनसहभागितामा आधारित दिगो विकास । • फराकिलो र सुरक्षित सडकहरूको निर्माण । • ढल, नाला तथा फोहोर व्यवस्थापन प्रणालीको सुधार । • धार्मिक तथा सांस्कृतिक स्थलहरूको संरक्षण र सौन्दर्यीकरण । • हरियाली, स्मार्ट लाइट र वातावरणमैत्री पूर्वाधारको विकास । • जनसहभागिता र पारदर्शिता आधारित शहर निर्माण । • यो आयोजना केवल पूर्वाधारको निर्माण होइन – यो जनकपुरधामलाई साफ, सुरक्षित, सुन्दर र जीवनमैत्री शहर बनाउने साझा सपना हो । • हामी सबैको साथ, हाम्रो शहरको विकास-शहर सुन्दर तब हुन्छ, जब सडक, सरसफाइ र संस्कार सबैसँग समन्वय हुन्छ । • जनताको साथ, समृद्धिको बाटो, एकीकृत शहरी विकास आयोजना – हाम्रो भविष्य निर्माणको आधार ।

**जनकपुरधाम उपमहानगरपालिका**

# प्रभाव दैनिक





**'गोबर गणेश' निर्देशन गर्दै 'बल्छी धुर्बे'**

सानोपर्दाको सिरियलमा 'बल्छी धुर्बे' नामले चर्चित कलाकार मरिचमान श्रेष्ठ फिल्म निर्देशनमा डेब्यु गर्ने भएका छन् । उनले केहीअघि निर्माण घोषणा गरेको फिल्म 'गोबर गणेश' आफैले निर्देशन गर्ने भएका हुन् । फिल्म निर्माणका लागि उनले केही दिन अगाडि चलचित्र विकास बोर्डबाट निर्माण इजाजत लिएका थिए । जसमा कलाकारमा सीतादेवी तिमल्सिना र पूजन घिमिरे राखिएको छ । पूजन घिमिरे उनकै अभिनय रहँदै आएको सिरियल 'हल्का रमाइलो'मा 'पुकु'को रूपमा परिचित छन् ।





# गायिका एलिना र समिक्षाले भेटे गृहमन्त्री



■ प्रभाव संवाददाता

**काठमाडौं –** सामाजिक सञ्जालमा दुर्व्यावहार भोगिरहेका दुई गायिकाले गृहमन्त्री रमेश लेखकसँग भेटघाट गरेका छन् । गृह मन्त्रालय पुगेर गायिका एलिना चौहान र समिक्षा अधिकारीले गृहमन्त्री लेखकसँग भेटेर आफुहरूले भोगिरहेको समस्याबारे ध्यानाकर्षण  गराएका हुन् ।

पछिल्लो समयमा आफु माथी सामाजिक सञ्जालवाट हिंसा गर्नेहरूको नाम सार्बजनिक गर्दै आएका गायिकाद्वय चौहान र अधिकारीले भेटघाट गरेर आफ्नो समस्या सुनाएका हुन् । गायिक चौहानले सो भेट पछि सामाजिक सञ्जालमा लेखेकी छिन्, 'म यहाँसम्म तपाईंहरूको माया र साथले आइपुगेकी हुँ । तपाईंहरूको समर्थन नै मेरो आत्मबल हो । तर सबैले सधैं राम्रै सोचून् भन्ने अपेक्षा गर्न सकिन्न, त्यो स्वाभाविक हो। तर जब कुराहरू व्यक्तिगत जीवनमा आच पुऱ्याउने तहमा पुग्छन्, गालीगलौज र चरित्र हत्या जस्ता कार्यहरू भइरहन्छन्, त्यो सह्य हुँदैन ।'

'जसले यस्ता कुरा गरिरहेका छन्, ती मेरो फ्यान होइनन् – ती त मेरो मन दुखाउन चाहने मात्र हुन् । त्यसैले आत्म( सम्मानको रक्षा गर्न बाध्य भई मैले कानुनी प्रक्रिया अघि बढाएकी छु । यो कुनै रिस वा घृणाले होइन, आफ्नो अस्तित्वको सुरक्षा गर्ने अधिकारले उठाइएको कदम हो । यस विषयमा आवश्यक सहयोग प्रदान गर्नु भएकोमा माननीय गृहमन्त्री श्री रमेश लेखकज्यूलाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु । तपाईंहरूको साथ र सद्भावनाले मलाई अझ अघि बढ्ने हिम्मत दिएको छ ।'

सोमबार मात्रै नेपाल प्रहरीको साइबर ब्युरो पुगेर ४ जना 'हिंस्रक' विरुद्ध उजुरी गरेको जानकारी गराउँदै चौहानले आफ्नो निवेदन अनुसार अबिलम्ब कारबाही गर्न पनि माग गरेकी छिन् । उनीहरूले आफ्नो सामाजिक सञ्जालमा आएर जथाभावी लेख्ने, अश्लिल गाली गलौंज गर्ने विरुद्ध पनि कारबाही गर्न माग गरेको जनाइएको छ ।

# इटालीमा 'आँखा'लाई दुई अवार्ड

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली फिल्म 'आँखा' इटालीको अन्तर्राष्ट्रिय पोलिस अवार्ड आर्ट फिल्म फेस्टिभलमा दुई विधामा अवार्ड जित्न सफल भएको छ । हरेक वर्ष आयोजना हुने यो फेस्टिभलमा फिल्मले उत्कृष्ट ड्रामा र उत्कृष्ट अभिनेत्रीतर्फको दुई अवार्ड जितेको फिल्मका निर्देशक जोन योन्जनले जानकारी दिए । फेष्टिभलको यो २९ औं संस्करण आयोजना भएको हो । जसको वितरण आगामी सेप्टेम्बरमा हुनेछ । उत्कृष्ट अभिनेत्री विधामा अभिनेत्री स्मिता लामिछाने परेकी हुन् ।






फिल्मले नेपालका केही फेस्टिभलमा पनि अवार्ड जितेको थियो । फिल्मको सार्वजनिक प्रदर्शन प्राकृतिक प्रकोपका समय परेको कारण राम्रो हुन सकेन । विजय बराल, स्मिता लामिछाने, निशा अधिकारी, बुद्धि तामाङ, आरके मेहता, पशुपति राई लगायतका कलाकारहरूको अभिनय छ । 'यो सफलता हाम्रो टिमको मात्र नभई सम्पूर्ण नेपाली फिल्म क्षेत्रका लागि हो', निर्देशक योन्जनले भने ।'

# ब्राड पिटको एफ-१ ले कमायो पहिलो सातामा १४४ मिलियन डलर

**लस एन्जलस –** हलिउड स्टार ब्राड पिटको रेसिङ स्पोर्ट्स ड्रामा 'एफ-१ द' चलचित्रले विश्वव्यापी बक्स अफिसमा उत्कृष्ट ओपनिङ गरेको छ। 'टप गन: माभेरिक' निर्देशक जोसेफ कोसिन्स्कीद्वारा निर्देशित फिल्मले ग्लोबल ओपनिंग सप्ताहांतमा १४४ मिलियन कमाइ गरेको छ ।

एप्पल ओरजिनल फिल्मस र बार्नर वास पिक्चरद्वारा समर्थित एफ-१ ले घरेलु रूपमा उत्तर अमेरिकामा ५५.६ मिलियनको उत्कृष्ट कमाई गरेको छ, जुन लगभग ३५ मिलियनको स्टुडियोको प्रक्षेपण भन्दा धेरै ठूलो ओपनिङ हो । यो मौलिक शीर्षकको लागि वर्षको सबैभन्दा ठूलो उद्घाटन मध्ये एक हो ।

अन्तर्राष्ट्रिय रूपमा ब्लकबस्टरले उद्घाटन सप्ताहन्तमा ७८ बजारहरूमा ठूलो ८८.४ मिलियनसहित विश्वव्यापी कुल १४४ मिलियन कमाउन सफल भएको छ। यो एप्पल स्टुडियोका लागि यो सबैभन्दा ठूलो कमाइ हो। यो चलचित्रले ७८ अन्तर्राष्ट्रिय क्षेत्रहरू मध्ये ७४ मा अमेरिकी चलचित्रहरू बीच नम्बर १ स्थानको दावी प्रस्तुत गरेको छ ।

विदेशी बजारहरू मध्ये युनाइटेड किंगडममा ९.२ मिलियन ओपनिंग सप्ताहांतको साथ सबैभन्दा ठूलो योगदानकर्ता थियो, त्यसपछि चीन ९ मिलियन र मेक्सिको ६.७ मिलियन कमाइ गर्न सफल भयो । एफ-१ को दर्शकको स्वागत उत्कृष्ट छ किनभने रोटोन टोमाटोजमा ९७ प्रतिशत रेटिङ छ भने जबकि समीक्षकको स्कोर औसत ८४ प्रतिशत छ । करिब २० करोड डलरको बजेटमा बनेको यो फिल्मले पाएको प्रतिक्रियाका कारण चलचित्रले बक्स अफिसमा बलियो खुट्टा कायम राख्न सक्ने बताइएको छ । *एजेन्सी*


## पूर्वाधार विकास कार्यालय
### विराटनगर, मोरङ

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समयसम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

**त्यसैले :**

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवनलगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौ साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो, त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।


## रंगशाला

**एसिसी पुरुष यु-१६ इस्ट जोन कप**

# रौनकको शानदार ब्याटिङ

## भुटानविरूद्धको जितसँगै नेपाल सेमिफाइनलमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिसी पुरुष यु-१६ पूर्वी क्षेत्रीय क्रिकेट प्रतियोगितामा समूह चरणको अन्तिम खेलमा नेपालले भुटानलाई सहजै पराजित गरेको छ । मंगलबार सम्पन्न खेलमा नेपालले भुटानलाई दुई सय ९८ रनको फराकिलो अन्तरले हराएको हो ।

मलेसियाको सेलाङ्गोर टर्फ क्लबको मैदानमा नेपालले टस जितेर पहिला ब्याटिङ गरेको थियो । नेपालले निर्धारित ५० ओभरको खेलमा रौनक श्रीवास्तवको शतकीय पारीको मद्दतमा पाँच विकेटको क्षतिमा तीन सय ५८ रन बनायो ।

श्रीवास्तवले एक सय ६८ रनको योगदान दिए । उनले एक सय ३२ बल खेल्ने क्रममा पाँच छक्का र १६ चौका हाने । यस्तै जोय थापाले अविजित ६१, शिवान्स बजगाईंले ५४ तथा सुगम बुढाथोकीले ३५ रन बनाए ।

बलिङतर्फ भुटानका सञ्जय दोर्जेले तीन तथा तेन्जिन लोडेले एक विकेट लिए ।

तीन सय ५९ रनको विशाल लक्ष्य पछ्याएको भुटानले ३२ दशमलव ४ ओभरमा ९ विकेट गुमाउँदै मात्र ६० रन बनायो । भुटानका लागि सुजन दावाले १४ तथा उयोग छोफेलले १० रन बनाए । भुटानका अन्तिम ब्याटर क्रिजमा आएनन् ।

बलिङतर्फ नेपालका लागि कप्तान विपिनप्रसाद शर्माले १० ओभरमा ७ रन खर्चिएर ४ विकेट लिए । यस्तै सचिन भट्ट र सुयोग भट्टराईले दुई दुई विकेट लिए ।

नेपाल समूह चरणका चारवटै खेलमा विजेता बनेर समूह 'ए'को शीर्ष स्थानमा रहँदै सेमिफाइनलमा प्रवेश गरेको छ । उक्त समूहबाट दोस्रो स्थानमा रहँदै सिङ्गापुर पनि सेमिफाइनलमा पुगेको छ । यस्तै समूह 'बी'बाट हङकङ शीर्ष स्थानमा रहँदै तथा मलेसिया दोस्रो स्थानमा रहेर सेमिफाइनलमा प्रवेश गरेका छन् ।

नेपालले अब बिहीबार सेमिफाइनमा मलेसियासँग खेल्ने छ । नेपाल प्रतियोगिताको डिफेन्डिङ च्याम्पियन हो । नेपालले सन् २०२३ मा भएको प्रतियोगितामा फाइनलमा मलेसियालाई हराउँदै उपाधि जितेको थियो ।

एसियाली क्रिकेट परिषद् (एसिसी) को आयोजनामा जारी प्रतियोगितामा नेपालसहित १० राष्ट्र सहभागी थिए । समूह 'ए' मा नेपालसहित सिङ्गापुर, इन्डोनेसिया, भुटान र जापान तथा समूह 'बी' मा आयोजक मलेसियासहित हङकङ, माल्दिभ्स, थाइल्याण्ड र म्यानमार रहेका थिए ।



श्रीलंकाको कोलम्बोमा रहेको स्वतन्त्रता स्मृति हलमा कुँदिएको ढुंगाको संरचना हेर्दै एक पर्यटक। यो भवन ब्रिटिश शासनबाट श्रीलंका स्वतन्त्रता भएको सम्झनामा निर्माण गरिएको हो।
*तस्बिरः एएफपी*

अध्ययनले भन्यो

# अमेरिकी सहायता कटौतीले एक करोड ४० लाखभन्दा बढी मानिसको मृत्यु हुनसक्छ

**पेरिस–** ट्रम्प प्रशासनले अमेरिकी विदेशी सहायता समाप्त गरेका कारण सन् २०३० सम्ममा विश्वका सबैभन्दा कमजोर एक करोड ४० लाखभन्दा बढी मानिसको मृत्यु हुनसक्ने एक अनुसन्धानले देखाएको छ । तीमध्ये एकतिहाइ साना बालबालिकाको मृत्यु हुनसक्ने उक्त अनुसन्धानले मंगलबार प्रक्षेपण गरेको छ ।

प्रतिष्ठित ल्यान्सेट जर्नलमा गरिएको यो अध्ययन यस हप्ता स्पेनमा संयुक्त राष्ट्रसंघको सम्मेलनका लागि विश्व र व्यापारिक नेताहरू भेला हुँदा संकटमा रहेका सहायता क्षेत्रलाई बलियो बनाउने आशामा प्रकाशित भएको थियो । अमेरिकी एजेन्सी फर इन्टरनेसनल डेभलपमेन्ट (युएसएआइडी-युएएड) ले जनवरीमा डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा फर्कनुअघिसम्म विश्वव्यापी मानवीय कोषको ४० प्रतिशतभन्दा बढी सहयोग गर्दै आएको थियो । दुई हप्तापछि ट्रम्पका तत्कालीन निकट सल्लाहकार र संसारका धनी व्यक्ति एलन मस्कले एजेन्सीलाई 'काठ काट्ने मेसिनमा हालेको' भनेर घमण्ड गरेका थिए ।

बार्सिलोना इन्स्टिच्युट फर ग्लोबल हेल्थ (आइएसग्लोबल) का अनुसन्धानकर्ता एवं अध्ययनका सहलेखक डेभिडे रसेलाले कोष कटौतीले 'जोखिममा रहेका जनसंख्याहरूको स्वास्थ्यमा दुई दशकको प्रगतिलाई अचानक रोक्ने र उल्टचाउने जोखिम छ' भनी चेतावनी दिए । 'धेरै निम्न र मध्यम आयका देशहरूका लागि यसको परिणामले हुने आघात विश्वव्यापी महामारी वा ठूलो सशस्त्र द्वन्द्वको मापदण्डसँग तुलना गर्न सकिन्छ,' उनले एक विज्ञप्तिमा भने ।

१३३ राष्ट्रको तथ्यांकलाई फर्केर हेर्दा अनुसन्धानकर्ताहरूको अन्तर्राष्ट्रिय टोलीले युएसएड कोषले सन् २००१ देखि २०२१ सम्म विकासशील देशहरूमा नौ करोड १८ लाखको मृत्यु रोकेको अनुमान गरेको छ । यो इतिहासको सबैभन्दा घातक द्वन्द्व दोस्रो विश्वयुद्धमा मर्ने अनुमानित संख्याभन्दा बढी हो ।

### एचआइभी, मलेरिया बढ्ने

शोधकर्ताहरूले यस वर्षको सुरुमा अमेरिकी सरकारले घोषणा गरेको तथ्यांकले मृत्युदरलाई कसरी असर गर्नसक्छ भनेर ८३ प्रतिशतले कोष कटौती गर्ने भनेर प्रक्षेपण गर्न मोडलिङ पनि प्रयोग गरे । कटौतीले सन् २०३० सम्ममा एक करोड ४० लाखभन्दा बढीको मृत्यु हुनसक्ने अनुमान गरिएको छ ।

उक्त संख्यामा पाँच वर्षमुनिका ४५ लाखभन्दा बढी बालबालिका थिए अर्थात एक वर्षमा करिब सात बालबालिकाको मृत्यु । तुलनाका लागि भन्नुपर्दा करिब एक करोड सैनिक प्रथम विश्वयुद्धको समयमा मारिएको अनुमान गरिएको छ ।

युएसएडद्वारा समर्थित कार्यक्रमहरू सबै कारणबाट हुने मृत्युको १५ प्रतिशत कमीसँग जोडिएको शोधकर्ताहरूले निर्धारण गरेका छन् । पाँच वर्षमुनिका बालबालिकाका लागि मृत्युको गिरावट दुई गुणा तीव्र अर्थात् ३२ प्रतिशत थियो । रोगबाट हुने रोकथाम योग्य मृत्युलाई रोक्न युएसएड कोष विशेष गरी प्रभावकारी भएको पाइएको थियो ।

युएसएडको उच्चस्तरको सहायता पाउने देशहरूमा कम वा कुनै सहायता नपाउने देशहरूको तुलनामा एचआइभी/एड्सबाट हुने मृत्यु ६५ प्रतिशत कम थियो भनेर अध्ययनले पत्ता लगाएको छ । मलेरिया र उपेक्षित उष्णकटिबन्धीय रोगहरूबाट हुने मृत्युहरू पनि समान रूपमा आधामा कटौती भएको थियो । मोजाम्बिकको म्यानहिका हेल्थ रिसर्च सेन्टरका अध्ययनका सह-लेखक फ्रान्सिस्को साउटले युएसएडले एचआइभी, मलेरिया र क्षयरोग जस्ता रोगहरूसँग लड्न कसरी मद्दत गर्‍यो भनेर जमिनमा देखेको बताए ।

'अहिले यो सहायता कटौतीले जीवनलाई मात्र जोखिममा राख्दैन- यसले निर्माण गर्न दशकौं लागेको महत्त्वपूर्ण पूर्वाधारलाई पनि कमजोर बनाउँछ,' उनले जोड दिए ।

बोस्टन विश्वविद्यालयका रोग मोडलर ब्रुक निकोल्सले सञ्चालन गरेको भर्खरै अपडेट गरिएको ट्र्याकरले अमेरिकी सहायता कटौतीको परिणामस्वरूप पहिले नै लगभग एक लाख आठ हजार वयष्क र दुई लाख २४ हजारभन्दा बढी बालबालिकाको मृत्यु भएको अनुमान गरेको छ । ट्र्याकरका अनुसार यसले प्रत्येक घण्टामा ८८ जनाको मृत्यु हुने गर्छ ।

### बढाउने समय

युएसएड बन्द भएपछि फ्रान्स, जर्मनी र बेलायत लगायत अन्य धेरै प्रमुख दाताले आफ्नो विदेशी सहायता बजेट घटाउने योजना घोषणा गर्दै त्यसको पछि लागे । 'यी सहायता कटौतीले विशेषगरी युरोपेली संघ (इयू) मा आगामी वर्षहरूमा अझ बढी मृत्युहरू निम्त्याउन सक्छ,' आइएसग्लोबलको अध्ययन सहलेखक क्याटरिना मोन्टीले भने ।

तर डरलाग्दो प्रक्षेपणहरू हालको प्रतिज्ञा गरिएको सहायताको मात्रामा आधारित छन् भन्दै त्यसैले स्थिति परिवर्तन भएमा तुरुन्तै घट्नसक्ने अनुसन्धानकर्ताहरूले जोड दिए । एक दशकमा सबैभन्दा ठूलो सहायता सम्मेलनका लागि यस हप्ता स्पेनी सहर सेभिलमा दर्जनौं विश्व नेताहरू भेला भइरहेका छन् । तर, संयुक्त राज्य अमेरिका भने उपस्थित हुने छैन । 'अहिले कम गर्ने होइन, बढाउने समय हो,' रसेलाले भने ।

आफ्नो सहायता कटौती हुनुअघि युएसएडले सम्पूर्ण अमेरिकी संघीय खर्चको ०.३ प्रतिशत प्रतिनिधित्व गर्‍यो । 'अमेरिकी नागरिकहरूले युएसएडमा प्रतिदिन लगभग १७ सेन्ट अर्थात् प्रतिवर्ष करिब ६४ डलर योगदान गर्छन्,' लस एन्जलसको क्यालिफोर्निया विश्वविद्यालयका अध्ययनका सहलेखक जेम्स म्याकिन्कोले भने, 'मलाई लाग्छ कि लाखौंको ज्यान बचाउन यति सानो योगदान कति प्रभावकारी हुनसक्छ भन्ने थाहा भएमा अधिकांश अमेरिकी युएसएडको निरन्तर कोषलाई समर्थन गर्ने छन् ।' *रासस/एएफपी*

# थाइल्याण्डकी प्रधानमन्त्री निलम्बित

**बैंकक–** थाइल्याण्डकी प्रधानमन्त्री पेटोङटार्न सिनावात्रालाई संवैधानिक अदालतले मंगलबार निलम्बन गरेको छ । अदालतले कम्बोडियासँगको कूटनीतिक विवादमा उनको आचरणको बारेमा छानबिन सुरु गर्दै निलम्बन गरेको हो ।



मुलुकको राजनीति वर्षौंदेखि रूढीवादी, सैन्य समर्थक, शाही समर्थक अभिजात वर्ग र सिनावात्रा परिवारबीचको संघर्षले हावी भएको छ । सिनावात्रा परिवारलाई रूढीवादी, सैन्य समर्थक र शाही समर्थक अभिजात वर्गले थाइल्याण्डको परम्परागत सामाजिक व्यवस्थाका लागि खतरा मान्छन् ।

३८ वर्षीया पेटोङटार्नलाई उनका बुबा एवं पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राले शाही मानहानिको आरोपमा फौजदारी अदालतको सामना गर्नुपरेको दिन नै झट्का लागेको छ । पेटोङटार्नले एक वर्षभन्दा कम समयअघि सत्ता सम्हालेकी थिइन्, तर संवैधानिक अदालतले सीमा विवादका क्रममा उनले मन्त्रिपरिषद्को नैतिकता उल्लंघन गरिन् कि भनेर विचार गरिरहेकाले उनलाई निलम्बन गरिएको छ ।

कम्बोडियासँग लामो समयदेखि चलिरहेको क्षेत्रीय विवाद मे महिनामा सीमापार झडपमा परिणत हुँदा एक कम्बोडियाली सैनिकको मृत्यु भएको थियो । लिक भएको रेकर्डिङअनुसार जब पेटोङटार्नले कम्बोडियाका पूर्वनेता हुन सेनलाई तनावबारे छलफल गर्न फोन गरिन्, उनले हुन सेनलाई 'काका' भनिन् र एक थाई सैन्य कमाण्डरलाई आफ्नो 'प्रतिद्वन्द्वी' भनेर उल्लेख गरिन् । उक्त फोनवार्ताले व्यापक आक्रोश निम्त्यायो ।

रूढीवादी सांसदहरूले उनलाई कम्बोडियासामु झुकेको र सेनालाई कमजोर बनाएको आरोप लगाए र मन्त्रीहरूमा 'स्पष्ट इमानदारी' र 'नैतिक मापदण्डहरू' आवश्यक पर्ने संवैधानिक प्रावधानहरू उल्लंघन गरेको आरोप लगाए । 'संवैधानिक अदालतले ७-२ को बहुमतले प्रतिवादीलाई जुलाई १ देखि संवैधानिक अदालतले आफ्नो निर्णय नगरेसम्म प्रधानमन्त्रीको दायित्वबाट निलम्बन गर्छ,' एक विज्ञप्तिमा भनिएको छ ।

### गम्भीर कमजोरी

पेटोङटार्नको फेउ थाई पार्टी पहिले नै यो काण्डमा परेका कारण एक प्रमुख रूढीवादी गठबन्धन साझेदारले त्यागेको छ र हजारौंले सप्ताहन्तमा बैंककमा उनको नेतृत्वविरुद्धमा विरोध प्रदर्शन गरेका छन् । उनका सहयोगीहरूले राजीनामा गरेपछि थाइल्याण्डका राजाले मंगलबार पेटोङटार्नको मन्त्रीमण्डल फेरबदललाई अनुमोदन गरे । उनले आफूलाई संस्कृतिमन्त्रीको पद तोकेका छन् र बिहीबार यो पद ग्रहण गर्ने छन्, तर संवैधानिक अदालतले अनुसन्धान गरिरहेको बेला उनले त्यो भूमिका लिन सक्छन् कि सक्दैनन् भन्ने अस्पष्ट छ । अलगरूपमा मंगलबार, उनका बुबा थाक्सिन थाइल्याण्डका राजालाई आलोचनाबाट जोगाउन प्रयोग गरिने कडा राजद्रोह कानुनको उल्लंघनको आरोपमा बैंकककको एक फौजदारी अदालतमा उपस्थित भइन् ।

सन् २०१५ मा थाक्सिनले दक्षिण कोरियाली मिडियालाई दिएको अन्तर्वार्ताबाट यी आरोपहरू उत्पन्न भएका हुन् र दोषी ठहरिएमा उनलाई १५ वर्षसम्म जेल हुनसक्छ । मुद्दा हप्तौंसम्म चल्ने छ, त्यसपछि कम्तीमा एक महिनासम्ममा फैसला आउने अपेक्षा गरिएको छैन । अदालतका एक अधिकारीले मंगलबार बिहान थाक्सिनको उपस्थितिमा मुद्दा सुरु भएको पुष्टि गरे तर मिडियालाई भित्र छिर्न अनुमति नदिने बताए ।

'उहाँ कस्तो महसुस गर्नुहुन्छ भन्नेबारे म उहाँको तर्फबाट बोल्न सक्दिनँ, तर मलाई लाग्छ उहाँ शान्त देखिनुहुने छ,' उनका वकिल विन्यात चाटमोन्ट्रीले अदालतबाहिर भने । थाई राजनीतिक विश्लेषक थिटिनान पोंसुधिरकले भने, 'दुई मामिलाबीच प्रत्यक्ष निर्विवाद सम्बन्ध छ किनकि सिनावात्रा परिवारको ब्राण्डले 'गम्भीर कमजोरी'को सामना गरिरहेको छ ।' *रासस/एएफपी*

# दक्षिणी भारतको एक औषधि कारखानामा विष्फोट हुँदा ३६ जनाको मृत्यु

**हैदराबाद (भारत)–** भारतको दक्षिणी राज्य तेलंगानाको एक औषधि कारखानामा सोमबार भएको ठूलो विष्फोट र आगलागीमा ज्यान गुमाउनेको संख्या ३६ पुगेको तथा करिब तीन दर्जन घाइते भएको अधिकारीहरूले मंगलबार बताएका छन् ।

राज्यको राजधानी हैदराबादबाट करिब ५० किलोमिटर (३१ माइल) टाढाको औद्योगिक क्षेत्रमा भएको दुर्घटना स्थलबाट दमकलकर्मीहरूले ३४ जना कामदारका जलेका शवहरू फेला पारेको राज्यका दमकल सेवा निर्देशक जेभीनारायण रावले बताए ।

अन्य दुई कामदारको जलेको अवस्थामा मृत्यु भएको र उनीहरूलाई अस्पतालमा मृत घोषित गरिएको उनले बताए । उनका अनुसार थप कामदारहरू फसेका छन् कि छैनन् भनेर पत्ता लगाउन सिगाची इण्डस्ट्रिजको नष्ट भएको औषधि एकाइको भग्नावशेष हटाउने काम भइरहेको छ ।

करिब तीन दर्जन घाइते कामदारलाई अस्पतालमा भर्ना गरिएको छ । 'कारखानाको सम्पूर्ण संरचना भत्किएको छ । आगो निभाइएको छ र हामी आगामी केही घण्टामा भग्नावशेष हटाउने काम सकिने आशा गर्छौं,' रावले भने ।

रावका अनुसार कारखानाको स्प्रे ड्रायर युनिटमा सोमबार विष्फोट र त्यसपछिको आगलागी भएको रिपोर्ट गरिएको थियो, जुन कच्चा माललाई औषधि बनाउनका लागि फाइन पाउडरमा प्रशोधन गर्न प्रयोग गरिन्छ ।



राज्यका स्वास्थ्यमन्त्री दामोदर राजा नरसिंहले विष्फोट हुँदा कारखानाभित्र १०८ कामदार रहेको जानकारी दिए । 'शवहरू नराम्ररी जलेको र विकृत भएपछि डिएनए परीक्षण गर्न विशेष मेडिकल टोली तैनाथ गरिएको छ,' राज्य सरकारले घटनाको कारण अनुसन्धान गर्न प्यानल गठन गरेको उल्लेख गर्दै नरसिंहले भने ।

प्रत्यक्षदर्शीहरूले घटनास्थलबाट केही किलोमिटर टाढाबाट विष्फोटको आवाज सुनेको बताएका छन् । भारत विश्वका केही शीर्ष औषधि कम्पनीहरूको घर हो । औषधि कम्पनीहरूले जेनेरिक औषधि र खोपहरूको विश्वव्यापी आपूर्तिमा महत्त्वपूर्ण भूमिका खेल्छन् । देशको बलियो उत्पादन र लागत प्रभावी उत्पादनले यसलाई फार्मा दिग्गजहरूका लागि केन्द्र बनाएको छ ।

विशेषगरी रासायनिक रिएक्टरहरूसँग सम्बन्धित औद्योगिक दुर्घटनाहरू त्यस्ता कारखानाहरूमा असामान्य छैनन् । यसले सार्वजनिक स्वास्थ्यका लागि महत्त्वपूर्ण क्षेत्रमा कडा सुरक्षा प्रोटोकल र नियामक निरीक्षण लागू गर्न अधिकारीहरूको आवश्यकतालाई जोड दिन्छ ।

कम्पनीको वेबसाइटअनुसार सिगाची इण्डस्ट्रिज लिमिटेड सक्रिय औषधि सामग्री, मध्यवर्ती र भिटामिन-खनिज मिश्रणहरूसँग व्यवहार गर्ने एक भारतीय कम्पनी हो । यसका भारतभर पाँच उत्पादन सुविधा र अमेरिका र संयुक्त अरब इमिरेट्समा सहायक कम्पनीहरू छन् । *रासस/एपी*

## डेंगु संक्रमितको संख्या १० हजारभन्दा बढी, ४२ जनाको मृत्यु

**ढाका–** बंगलादेशमा जुन महिनामा डेंगुका मामिला उल्लेखनीयरूपमा बढ्दा यस वर्ष अहिलेसम्म १० हजारभन्दा बढी संक्रमित हुनुका साथै ४२ जनाको मृत्यु भएको जनाइएको छ । मे महिनामा एक हजार ७७३ मानिस भाइरल रोगबाट संक्रमित भएपछि जुनसम्म पाँच हजार ९५१ थप डेंगुका घटनाहरू रेकर्ड गरिएको छ । स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा महानिर्देशालय (डिजिएचएस) ले सोमबार सार्वजनिक गरेको तथ्यांकले यस वर्ष अहिलेसम्म डेंगुका संक्रमितको संख्या १० हजार २९६ पुगेको देखाएको छ ।

सोमबार स्थानीय समयअनुसार ८:०० बजेसम्म २४ घण्टामा राजधानी ढाकामा ८७ सहित कूल ४२९ नयाँ डेंगुका घटना रिपोर्ट गरिएको डिजिएचएसको तथ्यांकले देखाएको छ । जुनमा १९, मेमा तीन, अप्रिलमा सात, फेब्रुअरीमा तीन र जनवरीमा १० जनाको मृत्यु भएको डिजिएचएसले जनाएको छ । यस वर्ष जनवरी १ देखि जुन ३० सम्म देशभरका विभिन्न अस्पतालबाट उपचारपछि नौ हजार ८७ जना डेंगुका बिरामी घर फर्केका छन् । जुन-सेप्टेम्बर मनसुन अवधि बंगलादेशमा डेंगु ज्वरोको मौसम हो । बंगलादेश लामखुट्टेबाट हुने रोगहरूको उच्च जोखिममा रहेको राष्ट्र हो । *रासस/सिन्ह्वा*

# धेरैजसो विश्व सम्पदा स्थलहरू खडेरी वा बाढीको जोखिममा : संयुक्त राष्ट्रसंघ

**पेरिस–** विश्वका सांस्कृतिक र प्राकृतिक सम्पदा स्थलहरूमध्ये झण्डै तीन चौथाइ कम वा बढी पानीका कारण खतरामा रहेको संयुक्त राष्ट्रसंघको सांस्कृतिक एजेन्सीले मंगलबार बताएको छ । बढ्दो तापक्रमका कारण आँधीबेहरी, खडेरी, बाढी र तातो लहरलगायत चरम मौसमका घटनाहरू बारम्बार र तीव्र भएको वैज्ञानिकहरूले चेतावनी दिएका छन् ।

युनेस्को हेरिटेज सूचीमा रहेका सबै एक हजार १७२ गैरसमुद्रीस्थलमध्ये ७३ प्रतिशत कम्तीमा एउटा पानीको तनाव, खडेरी, नदीको बाढी वा तटीय बाढीसहित गम्भीर पानीको जोखिममा रहेको युनेस्कोले बताएको छ । 'विशेषगरी मध्यपूर्व र उत्तरी अफ्रिका, दक्षिण एसिया र उत्तरी चीनजस्ता क्षेत्रहरूमा पानीको तनाव तीव्र हुने अनुमान गरिएको छ, जसले इकोसिस्टम, सांस्कृतिक सम्पदा र तिनीहरूमाथि निर्भर समुदाय र पर्यटन अर्थतन्त्रका लागि दीर्घकालीन जोखिम खडा गरेको छ,' युनेस्कोले भन्यो ।

सांस्कृतिक स्थलहरू प्रायः पानीको अभावबाट खतरामा परेका थिए भने आधाभन्दा बढी प्राकृतिक स्थलहरूले नजिकैको नदीबाट बाढीको जोखिमको सामना गर्नुपरेको युनेस्कोको अध्ययनले देखाएको छ । 'उदाहरणका लागि भारतमा आगराको ताजमहल स्मारकले पानीको अभावको सामना गरिरहेको छ जसले प्रदूषण बढाइरहेको छ र भूजल घटाउँदै छ, यी दुवैले समाधिमा क्षति पुर्‍याइरहेका छन्,' अध्ययनले भन्यो ।

युनेस्कोका अनुसार संयुक्त राज्य अमेरिकामा सन् २०२२ मा ठूलो बाढीले सबै येलोस्टोन राष्ट्रिय निकुञ्ज बन्द गरिदियो र पुनः खोल्न पूर्वाधार मर्मतका लागि दुई करोड डलरभन्दा बढी खर्च भयो ।

प्रतिवेदनले थप चारवटा उदाहरण दिएको छ । 'इराकका दक्षिणी दलदलहरूले- बाइबलीय इडेन गार्डनको प्रतिष्ठित घर अत्यधिक उच्च पानीको तनावको सामना गर्छन्, जहाँ मानवीय मागपूर्ति गर्न नवीकरणीय आपूर्तिको ८० प्रतिशतभन्दा बढी निकासी गरिन्छ,' अध्ययनमा भनिएको छ । यो क्षेत्र आगामी वर्षहरूमा तातो हुँदै जाँदा प्रवासी चराहरू बस्ने र बासिन्दाहरूले भैंसी पाल्ने दलदलहरूमा पानीको प्रतिस्पर्धा बढ्ने अपेक्षा गरिएको छ ।

स्कटल्याण्डका अन्वेषक डेभिड लिभिङस्टोनले पुनः नामकरण गर्नुअघि मूलरूपमा मोसी-ओआ-तुन्या ('गर्जने धुवाँ') भनिने जाम्बिया र जिम्बाब्वेको सिमानामा रहेको भिक्टोरिया फल्सले बारम्बार खडेरीको सामना गरेको छ र कहिलेकाहीँ कम हुँदै गएको छ । *रासस/एएफपी*


साउदीमा रोजगार
कम्पनी : TBK METAL LIMITED
पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326507 | चलानी नं. ६०२४०४४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Worker/Helper | 4 | 0 | 1000 | ३६,६०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २५ गते (9th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३८/०५५/०५६
Lucky Overseas Pvt. Ltd.
Dhobighat-3, Ringroad, Lalitpur, Nepal, 01–5153055 / 01–5153033
Email: luckyoverseas1998@gmail.com | overseaslucky@gmail.com, Website: www.luckyoverseas.com



साउदीमा रोजगार
कम्पनी : AL-RAEM INTERNATIONAL COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326491 | चलानी नं. ६०२४०४८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६५,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २५ गते (9th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paliv International Pvt. Ltd.
Aruna Lama Marga-4, Maharajgunj, Kathmandu, Nepal, Tel : +977-1-4518268, 4518716, 5911470
Mobile: 9801070598, E-mail : info.palivinternational@gmail.com, Web: www.palivinternational.com
श्रम ईजाजत नं. ११६४/०७३/०७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १९०५०० | प्रति तोला - ० | प्रति तोला - २१५५

## लमजुङका आयोजनाबाट पूर्णक्षमतामा विद्युत् उत्पादन

■ प्रभाव संवाददाता

**लमजुङ–** हिउँदको समयमा घटेको विद्युत् उत्पादन वर्षा लागेपछि लमजुङमा उत्पादन थालेका जलविद्युत् आयोजनाबाट पूर्ण क्षमतामा विद्युत् उत्पादन भएको छ । यहाँ मर्स्याङ्दी नदी, दोर्दी, मिदिम, खुदी, स्याँगेलगायतका खोलामा पर्याप्त पानी हुन थालेसँगै केही हप्ताअघिदेखि उत्पादन थालेका जिल्लाका १७ आयोजनामा पूर्ण रूपमा बिजुली उत्पादन भएको हो । गत मङ्सिरबाट घटेको विद्युत् उत्पादन यतिबेला पूर्ण क्षमतामा उत्पादन भएको हो ।

जिल्लामा उत्पादन थालेको सबैभन्दा ठूलो बेँसीसहर नगरपालिका-१ दलालस्थित ७० मेगावाट क्षमताको मध्य-मर्स्याङ्दी जलविद्युत् आयोजनामा गत मङ्सिरको सुरुआतदेखि नै विद्युत् उत्पादन घटेर यस आयोजनाको विद्युत् २४ मेगावाट मात्र उत्पादन हुने गरेको थियो । यतिबेला भने मर्स्याङ्दी नदीमा पर्याप्त पानी भएकाले ७० मेगावाट नै बिजुली उत्पादन भइरहेको मध्य-मर्स्याङ्दी जलविद्युत् आयोजना केन्द्रका प्रमुख पवन बस्नेतले बताए ।

गत वर्षको तुलनामा केही ढिलो गरी विद्युत् उत्पादन बढेको उहाँको भनाइ छ । मध्य-मर्स्याङ्दी आयोजना सन् २००८ मा निर्माणसम्पन्न भएको हो । उक्त आयोजना रु २७ अर्ब २० करोडको लागतमा निर्माणसम्पन्न भएको थियो । यो जलविद्युत् आयोजना जिल्लाकै पहिलो जलविद्युत् आयोजना हो ।

यसपछि जिल्लामा क्रमशः आयोजना निर्माण हुँदै बिजुली उत्पादन हुन थालेको छ । सो आयोजनापछि मर्स्याङ्दी गाउँपालिका-८ भुलभुलेमा ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजनाले बिजुली उत्पादन थाल्यो । यस आयोजनामा पनि हिउँदमा बिजुली उत्पादन घटेर २५ मेगावाट मात्र उत्पादन भएकामा अहिले नदीमा पानी पर्याप्त भएसँगै पूर्ण क्षमतामा उत्पादन भइरहेको आयोजनाका इन्जिनियर कर्ण अधिकारीले बताए । उनले भने, 'यस वर्ष उत्पादन घट्दा २५ मेगावाटको एउटा टरवाइन मात्र चलाएका थियौं, अहिले दुईवटा चलाएका छौं ।' यहाँ मात्र होइन यतिबेला नेपालभरिकै आयोजनाबाट बिजुली पूर्ण क्षमतामा उत्पादन हुने गरेको उनले बताए ।

त्यसैगरी, दोर्दी कोरिडोरमा रहेको पिपुल हाइड्रोपावर कम्पनीले निर्माण गरेको दोर्दी-६ ढोडेनीस्थित ५४ मेगावाट क्षमताको सुपरदोर्दी 'ख' आयोजनाबाट पनि विद्युत् उत्पादन बढेको छ । हिउँमा बिजुली उत्पादन घटेर १३/१४ मेगावाट मात्र बिजुली उत्पादन भएकामा हाल पूर्ण रूपमा बिजुली उत्पादन भइरहेको आयोजनाले जनाएको छ ।

त्यसैगरी, ३० मेगावाटको ङादी जलविद्युत् आयोजना, दोर्दी कोरिडोरमा रहेको हिमालयन पावर पार्टनर लिमिटेड कम्पनीले निर्माण गरेको २७ मेगावाट क्षमताको दोर्दीखोला जलविद्युत्, दोर्दी-६ ढोडेनीमा लिबर्टी इनर्जी हाइड्रोपावरले निर्माण गरेको २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी 'ए' आयोजना, चार दशमलव चार मेगावाटको राँधी, तीन मेगावाटको मिदिम करापु तथा दुई मेगावाटको छ्याङ्दी आयोजनाबाट बिजुली पूरै क्षमतामा उत्पादन भएको छ ।

## 'वायुसेवा निगमको सदृढीकरण अपरिहार्य'

■ प्रभाव संवाददाता



**काठमाडौं** – संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले समग्र हवाई क्षेत्रको विकासका लागि नेपाल वायुसेवा निगमको सदृढीकरण अपरिहार्य रहेको बताएका छन् ।

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को ६७औं वार्षिकोत्सवको अवसरमा निगमको केन्द्रीय कार्यालयमा मंगलबार आयोजित कार्यक्रममा मन्त्री पाण्डेले हवाई क्षेत्र एकअर्कासँग आश्रित हुने भएकाले वायुसेवा निगमको सदृढीकरण गरिनुपर्ने खाँचो औंल्याए ।

पर्यटनमन्त्री पाण्डेले वायुसेवा निगम ऐतिहासिक महत्व बोकेको र राष्ट्रको पर्यटन क्षेत्रको मेरुदण्ड भएको उल्लेख गर्दै यसको विकासका लागि सरकार सधैं साथमा रहने प्रतिबद्धता व्यक्त गरे । उनले निगम व्यवस्थापन तथा कर्मचारीलाई वस्तुपरक, तथ्यपरक र परिणाममुखी रूपमा कार्य गर्न निर्देशन दिए ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले हालसम्म गरेका उपलब्धिमूलक कार्यको जानकारी दिँदै सार्वजनिक खरिद विनियमावली नै निगमको प्रगतिको मुख्य बाधक भएको उल्लेख गरे । उनले निगमको उद्देश्यअनुरूप कटिबद्ध भई नागरिकको विश्वासमा वृद्धि गर्न सुरक्षित उडानलाई प्राथमिकता दिँदै सुलभ, भरपर्दो र नियमित सेवामार्फत विश्वसनीयता कायम राख्नुपर्नेमा जोड दिए ।

वायुसेवा निगमले स्थापनाको ६७औं वार्षिकोत्सव साताव्यापीरूपमा रचनात्मक कार्यक्रमका साथ मनाएको हो । निगमको नयाँसडकस्थित केन्द्रीय कार्यालयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री पाण्डेको उपस्थितिमा औपचारिक कार्यक्रम सम्पन्न गरिएको छ ।

वार्षिकोत्सव मूल समारोह समितिद्वारा आयोजित आकास भैरव पूजामा पर्यटनमन्त्री पाण्डे र निगमका कार्यकारी अध्यक्षले आकास भैरवको पूजा गरे । वार्षिकोत्सवका अवसरमा निगमद्वारा नवनिर्मित डाटा सेन्टरको पर्यटनमन्त्री पाण्डेले उद्घाटन गरे । तत्पश्चात् निगमको केन्द्रीय कार्यालयबाट सुरु भएको प्रभातफेरीमा पर्यटनमन्त्री, निगमका पदाधिकारी एवं कर्मचारी सहभागी भई भूगोल पार्क, रत्नपार्क, भद्रकाली, सुन्धारा हुँदै पुनः केन्द्रीय कार्यालय परिसरमै आएर प्रभातफेरी कार्यक्रम सभामा परिणत भएको थियो ।

सन् १९५८ जुलाई १ मा स्थापना भएको निगमले २८ सिट क्षमतायुक्त डोग्लस डिसी ३ डाकोटाबाट सेवा प्रारम्भ गरी ६७ वर्षे दौरानमा पछिल्लो पटक वाइडबडी 'ए' ३३०-२०० सिरिजको विमान भित्र्याएर सेवा दिइरहेको छ ।

निगमले हाल अन्तरराष्ट्रियतर्फ भारतको नयाँदिल्ली, बेङ्लोर र मुम्बई तथा हङकङ, मलेसिया, थाइल्याण्ड, जापानको नारिता, कतारको दोहा, युनाइटेड अरब इमिरेटसको दुबई र साउदी अरबको रियादमा उडान भर्दै आएको छ । निगमले दुई थान वाइडबडी 'ए' ३३० र दुई थान न्यारोबडी 'ए' ३२० सिरिजका विमानमार्फत अन्तरराष्ट्रिय उडान गरिरहेको छ ।

आन्तरिकतर्फ दुर्गम भेगका विमानस्थलमा निगमले सेवा दिइरहेको छ । निगमसँग आन्तरिक उडानका लागि दुई थान ट्विनअटर विमान छन् । विमान अभावले आन्तरिक बजारमा निगमको खस्कँदो उपस्थिति छ ।

## कर्पोरेट

### सिद्धार्थ बैंक र सिप्रदी ट्रेडिङबीच विद्युतीय ट्याक्सी कर्जा सम्झौता



**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक लिमिटेड र टाटाका लागि नेपालमा आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रा.लि. बीच विद्युतीय ट्याक्सी कर्जा सुविधा सम्बन्धी सम्झौता सम्पन्न भएको छ । उक्त सहकार्यअनुसार, सिप्रदी ट्रेडिङमार्फत टाटा मोटर्स अन्तर्गतका विद्युतीय ट्याक्सी खरिद गर्ने ग्राहकहरूले सिद्धार्थ बैंकबाट छिटो, सहज र सुलभ ब्याजदरमा सवारी साधन कर्जा प्राप्त गर्न सक्ने छन् र सो कर्जाको अवधि ५ वर्ष रहेको छ । सिद्धार्थ बैंकले यस सम्झौतामार्फत दिगो बैंकिङ अभ्यासलाई प्रवर्द्धन गर्दै वातावरणमैत्री विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गर्ने विश्वास लिएको छ । यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्राहक सेवा केन्द्र, 'सिद्धार्थ केयर' मा निम्न माध्यमहरू मार्फत सम्पर्क गर्न सकिने जनाइएको छ ।

### इलिक्सरका १८ जनाले ल्याए एसइईमा चार जिपिए



**काठमाडौं (प्रस)–** राजधानीको कुमारीगल, चाबहिलमा अवस्थित इलिक्सर एकेडेमीले यस वर्षको एसईईमा उत्कृष्ट नतिजा प्राप्त गरेको छ । संस्कारसहितको शिक्षालाई विशेष महत्व दिएको विद्यालयलेस्थापना कालदेखि नै विद्यार्थीको सर्वाङ्गिण विकासलाई ध्यानमा राख्दै आफ्ना क्रियाकलाप सञ्चालन गरिरहेको विद्यालयका प्रिन्सिपल रविन दाहालले बताए ।

राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयले सार्वजनिक गरेको २०८१ सालको माध्यमिक शिक्षा परीक्षा एसईईको नतिजा अनुसार यस वर्ष इलिक्सर एकेडेमीबाट एसईई सहभागी ३८ जना विद्यार्थीहरूमध्ये १८ जनाले ४ जिपिएसहित सतप्रतिशत विद्यार्थीले ३.७३ भन्दा माथि अङ्क प्राप्त गर्न सफल भएका छन् ।

यसअघि २०७८ सालको एसईई परीक्षामा पनि काठमाडौं जिल्लामा प्रथम भई काठमाडौं महानगरपालिकाबाट नगद पुरस्कार सहित 'सर्वोत्कृष्ट विद्यालय पुरस्कार'ले पुरस्कृत भएको थियो । त्यस्तै २०८० सालको एसईई परीक्षामा समेत काठमाडौं जिल्ला प्रथम भई प्याबसन काठमाडौंद्वारा 'उत्कृष्ट विद्यालय सम्मान २०८०' ले सम्मानित भएको थियो ।

### मुक्तिनाथ विकास बैंकका विभिन्न कार्यक्रम सम्पन्न




**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक लि.ले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत विभिन्न प्रदेशमा सामाजिक सहयोग कार्यहरू सम्पन्न गरेको छ । बैंकले शिक्षालाई प्रोतसाहन दिँदै सुदुरपश्चिम प्रदेशको डोटी जिल्लामा रहेको बटालागाँउ, पूर्विचौकी गाँउ पालिका वडा नं. ५ स्थित श्री नव प्रभाव आधारभूत विद्यालयमा अध्ययनरत ८७ जना छात्र-छात्राहरूलाई विद्यालय पोषाक उपलब्ध गराएको छ । यस कार्यक्रमले विद्यार्थीहरूमा उत्साह थप्नुका साथै अध्ययनप्रति सकरात्मक प्रभाव पर्ने विश्वास बैंकले लिएको छ ।

त्यसैगरी स्वास्थ्य क्षेत्रमा प्राथमिकता राख्दै बैंकले कर्णाली प्रदेश बिरेन्द्रनगर -०४, सुर्खेत स्थित प्रदेश अस्पताल सुर्खेतमा सहयोग स्वरूप १० थान व्हीलचेयरहरू प्रदान गरेको छ, जसबाट स्वास्थ्य सेवा लिन आउने बिरामी र जेष्ठ नागरिकहरूलाई सहज हुने अपेक्षा बैंकले लिएको छ । साथै, कोशी प्रदेश स्थित जिल्ला अस्पताल, धनकुटामा समेत बैंकले बिरामी तथा कुरुवा बस्न सहज होस् भन्ने उदेश्यले ७ थान तीन सिटर कुर्सीहरू हस्तान्तरण गरेको छ । बैंकले सामाजिक उत्तरदायित्वलाई आत्मसाथ गर्दै यस बाहेक स्वास्थ्य, वातावरण तथा वित्तीय साक्षरता लगायतका क्षेत्रहरूमा निरन्तर सकरात्मक योगदान पुराउँदै आइरहेको छ । आगामी दिनहरूमा समेत यस किसिमका गतिविधिहरूलाई अझ प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता बैंकले जनाएको छ ।

### कुमारी बैंक र फोनपेबीच सहकार्य




**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले आफ्नो सेवा सूचीमा नयाँ नवप्रवर्द्धन थप्दै कुमारी भर्चुअल क्रेडिट कार्ड सेवा सुचारु गरेको छ । फोनपे पेमेन्ट सर्भिस लिमिटेड सँगको सहकार्यमा सुरु गरिएको यो सेवा बैंकको मोबाइल बैंकिङ एप कुमारी एप मार्फत सहज रूपमा प्रयोग गर्न सकिनेछ ।

भर्चुअल क्रेडिट कार्ड भनेको कुनै भौतिक कार्ड नभई डिजिटल रूपमा जारी गरिने क्रेडिट कार्ड हो, जसलाई ग्राहकहरूले आफ्नो एपमार्फत सहजै मोबाईलबाट सुचारु गर्न सक्नेछन् । फोनपेको क्यूआर मर्चेन्टहरूमा पेमेन्ट कारोबार गर्न सकिने यस भर्चुअल क्रेडिट कार्डको भुक्तानीका लागि ग्राहकहरूले अधिकतम ४५ दिनसम्म बिना ब्याज (शर्तहरू लागु हुनेछ) उपभोग गर्न सक्नुका साथै सेटलमेन्टमा १० प्रतिशत वा शतप्रतिशत भुक्तानी गर्ने विकल्प समेत छान्न सकिने पनि जनाइएको छ ।

कुमारी बैंकले विद्युतीय कारोबारलाई प्राथमिकता दिँदै आफ्ना ३०२ शाखा, ३१८ एटिएम, ५० एक्सटेन्सन काउन्टर र ५४ शाखारहित बैंकिङ इकाइमार्फत सेवा प्रदान गर्दै आएको छ ।

## युवालाई उद्यमी बनाउन 'स्टार्टअप' कार्यक्रम लागू गरिने

**काठमाडौं (प्रस)–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले युवालाई उद्यमी बनाउन 'स्टार्टअप' कार्यक्रम लागू गरिने बताएका छन् । राष्ट्रियसभाको बैठकमा विनियोजन विधेयक, २०८२ अन्तर्गत विभिन्न शीर्षकमध्ये उद्योग मन्त्रालयका विषयमा सांसदहरूले उठाएका सवालको जवाफ दिँदै उनले यो कार्यक्रमले कामका लागि विदेशिने युवाको संख्यामा कमी आउने विश्वास व्यक्त गरे ।

मन्त्रालयले औद्योगिक पूर्वाधार निर्माण गर्न प्राथमिकता दिइएको, औद्योगिक क्षेत्रको प्रवर्द्धन, मन्त्रालयको सेवा अनलाइन प्रणालीबाट अघि बढाइने, कम्पनी रजिष्ट्रार कार्यालयको सेवा गत वर्षको फागुनदेखि नै अनलाइनबाट दिन थालिएको पनि मन्त्री भण्डारीले जानकारी गराए ।

यसका साथै खानी तथा भूगर्भ विभागबाट खानी तथा उत्खनन अन्वेषण गरिने, प्रक्रिया पुऱ्याएर निजी क्षेत्रलाई खानी उत्खननमा लगाउन, धौवादी फलाम खानीका लागि पहुँच सडक निर्माणकार्य गरी अघि बढाउन, स्टार्टअप कर्जा कार्यक्रम विस्तार गर्न र औद्योगिक विकासग्राम सम्बन्धित स्थानीय तहले नै निर्माण गर्ने गरी कार्यक्रम ल्याइएको उनले सुनाए । सरकारले छुट्टै उद्योग स्थापना गर्ने योजना रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले कृषिऔजार उत्पादनका लागि कारखाना स्थापना गर्ने कामलाई प्राथमिकतामा राखिएको बताए ।

बक्यौता चुक्ता गर्ने बारे
अत्यन्त जरुरी सूचना !

यस **प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशन गरी सहकार्य गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, चालु आर्थिक वर्ष २०८१/८२ मा विज्ञापन प्रकाशित गरेबापत हिसाब मिलान गर्न बाँकी रहेका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूलाई यही मिति **२०८२ असार २५** गतेसम्म सम्पूर्ण बक्यौता चुक्ता गरी हिसाब मिलान गर्नुहुन यसै सूचनामार्फत सादर अनुरोध गर्दछौं ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ